का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ माघ २०८१,

बुधबार

5 February, 2025

Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ३ । पृष्ठ १०

Madhyanha National Daily

www.madhyanhadaily.com


## चतुर गगन

गगन थापा विद्यार्थी राजनीतिदेखि नै कडा र जंगी स्वभावका थिए । आवश्यकताअनुसार बल र बुद्धिको प्रयोग गर्न माहिर थापा क्याम्पस राजनीतिपछि नेविसंघको केन्द्रीय राजनीतिमा हावी भए । केन्द्रीय महामन्त्रीसम्म बनेका थापा युवामाझ त लोकप्रिय थिए नै, राजा ज्ञानेन्द्रको 'कू'पछि कांग्रेसभित्रबाट गणतन्त्रको माग राख्ने नरहरि आचार्यपछि थापा नै भए । यसले तत्कालीन माहोलमा उनलाई अझ प्रिय बनायो ।

यसका कारण तत्कालीन पार्टी सभापति गिरिजाप्रसाद कोइरालाको निशानामा परेका थापा राजनीतिबाट वितृष्णा जागेर झण्डै बाहिरिएका थिए । तर, शुभेच्छुक र समर्थकको दबाब र साथले उनी झन् दह्रो भएर अडिए राजनीतिमा ।

१३औं महाधिवेशनमै महामन्त्रीमा डा. शशांक कोइराला र आफ्नै ससुरा अर्जुननरसिंह के.सी.सँग भिडेका थापा १४औं महाधिवेशनमा महामन्त्री बन्न सफल भए । राजनीतिको प्रारम्भिककालमा युवा जोशका कारण 'बोल्ड' देखिने थापा परिपक्वता बढ्दै गएपछि अध्ययनशील र तार्किक हुँदै आए । अध्ययनशील र तार्किक युवाहरूलाई अघोषित सल्लाहकारका रूपमा लिएर उनले संसद्मा होस् वा सडकमा तार्किक र दमदार मन्तव्यहरू राख्न थाले, जसले उनलाई बौद्धिक एवं प्राज्ञिक वर्गमा समेत प्रिय बनायो । >>> पृष्ठ २ मा

## भावुक विश्व

२०४० को दशकदेखि नै राजनीतिमा सक्रिय तथा २०५० को दशकमा एउटा भिन्न चर्चा कमाइसकेका विश्वप्रकाश शर्मा राजनीतिमा स्थापित भइरहँदा गगन थापा भने विद्यार्थी राजनीतिमा वामे सर्दै थिए । समयले उमेर हेरेन राजनीतिमा अनि अवसरले बरिष्ठता र कनिष्ठता ठानेन । अन्ततः दुवै नेता एउटै कार्यकारी भूमिका पार्टी महामन्त्रीमा छन् अहिले ।

गगन बढी आक्रामक थिए विद्यार्थीकालमै । पछि आफूलाई अध्ययनशील र शालीन बनाउँदै लगे । तर, शर्मा भने पहिल्यैदेखि भावुक र हृदयकेन्द्री रहेका उनका निकटस्थहरू बताउँछन् ।

शर्मा साहित्य र संगीतका पारखी पनि हुन् । कोमल, भावुक र हृदयस्पर्शी भाषणकलाद्वारा जनताको मन जित्न माहिर छन् शर्मा । यद्यपि, कोमलता र भावुकता राजनीतिमा खासै राम्रो मानिँदैन । आवश्यकताअनुसार कठोर, आक्रामक र कोमल, भावुक हुन सक्नुपर्छ राजनीतिमा भन्ने बुझेका छन् थापाले तर शर्माले यो तथ्य बुझेका पाइँदैन ।

यही कारण शर्माको 'एक्सन ओरियन्टेड' स्वभाव नदेखिने उनलाई नजिकबाट चिन्नेहरू बताउँछन् । उनलाई जान्नेहरूका अनुसार शर्मा बोल्न जान्ने तर काम गर्न आँट नगर्ने नेता हुन् । यस्ता नेताहरू पार्टीका कार्यकारी पदमा रहनु 'मानार्थ' बराबर मात्र हुने उनीहरूको बुझाइ छ ।

उनका एक निकटस्थ भन्छन्, 'विश्वजी तार्किक र अध्ययनशील हुनुहुन्छ, भद्र र शालीन पनि हुनुहुन्छ तर काम गर्ने सवालमा उहाँ अगाडि >>> पृष्ठ २ मा

**घनेन्द्र ओझा / मध्यान्ह**
काठमाडौं, २२ माघ ।

नेपाली कांग्रेसका महामन्त्री गगन थापा वर्तमान सरकार संचालनमा सुझाव दिनेमध्येका एक प्रमुख नेता हुन् । संसद् नरहेका बेला सरकारले ल्याएका विभिन्न ६ वटा अध्यादेशको योजनाकार पनि हुन् उनी । विपक्षी दलहरूले अध्यादेशको विरोध गरिरहँदा थापाले नेपालमा लगानीको वातावरण बनाउने प्रयासअन्तर्गत अध्यादेश आएको र यो प्रक्रियामा आफ्नो संलग्नता रहेको भनेर नागरिकलाई 'कन्भिन्स' गरिरहेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमण सम्भव नभएपछि चीन भ्रमणमा गए । त्यसक्रममा २ देशबीच हस्ताक्षर भएको चिनियाँ रणनीतिक कार्यक्रम बीआरआई फेमवर्कको अवधारणाकार पनि थापा हुन् ।

अर्थात, वर्तमान सरकारका कामहरूको पहलकर्ता र सुझावकर्ता हुन् थापा । तर, कांग्रेसमा थापाकै बराबर हैसियतमा रहेका अर्का महामन्त्री विश्वप्रकाश शर्मा भने सरकार संचालनबारे सुझाव दिने भूमिकामा कतै देखिँदैनन् ।

उसो त थापासँग मन्त्रिपरिषद् सदस्य भएर काम गरेको अनुभव पनि छ । २०७३ सालमा छोटो कार्यकालका लागि स्वास्थ्यमन्त्री भएका थापाले स्वास्थ्य क्षेत्रमा सुधारका प्रयास गरेको छाप छाडेका छन् । यस्तो राजनीतिक छाप शर्मासँग छैन ।

थापासँग २०६४ साल र २०७० सालका दुवै संविधानसभामा सभासद्का रूपमा संविधान निर्माणमा भूमिका खेलेको अनुभव पनि छ । यो अवसर शर्माले पाएनन् ।

> शर्माको "एक्सन ओरियन्टेड" स्वभाव नदेखिने उनलाई नजिकबाट चिन्नेहरू बताउँछन् । उनलाई जान्नेहरूका अनुसार शर्मा बोल्न जान्ने तर काम गर्न आँट नगर्ने नेता हुन् । यस्ता नेताहरू पार्टीका कार्यकारी पदमा रहनु "मानार्थ" बराबर मात्र हुने उनीहरूको बुझाइ छ

संसदीय समितिको सभापति भएर पनि थापाले काम गरे । २०७१ सालमा थापाले संसद्को कृषि तथा जलस्रोत समितिको सभापति भएर काम गरेका थिए । थापाले ४ पटक सांसद भएर संसदीय अनुभव बटुलेका कारणले पनि शर्माले भन्दा बढी संसदीय अवसर पाएका हुन् । तर, पहिलो पटक संघीय सांसद भएका महामन्त्री विश्वप्रकाश शर्मा संसदीय अभ्यासमा समेत कुनै भूमिकामा देखिन सकिरहेका छैनन् ।

महामन्त्रीद्वय थापा र शर्मा राजनीतिमा सँगै छन् तर राजनीतिक भूमिकामा थापा अगाडि देखिन्छन् । दुवैको राजनीतिक इतिहास भने फरक छ । शर्मा राजनीतिमा स्थापित भइसक्दा थापा संघर्षरत थिए । तर, कांग्रेस नेताहरू दुवैसँग जनताको अपेक्षा रहेको बताउँछन् ।

कांग्रेसको नेतृत्वमा रहेको पछिल्लो पुस्ता अर्थात् तेस्रो पुस्तामा गनिन्छन्- महामन्त्रीद्वय शर्मा र थापा । यी कांग्रेसले मात्र होइन, देशले नै अपेक्षा गरेका युवा नेता हुन् । >>> पृष्ठ २ मा


## वायु प्रदुषणबाट बचौं र बचाऔं

- वायु प्रदुषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- सवारी साधनको सकेसम्म कम प्रयोग गरौं,
- रुख विरुवा रोपौं र हरियाली वढाऔं,
- दाउरा र कोइलाको सट्टा नविकरणीय उर्जाको प्रयोग गरौं,
- सडक र निर्माणस्थलवाट निस्कने धुलो व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परिक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## मधेश सरकारको नेतृत्व खोज्दै उपेन्द्र

राष्ट्रियसभाबाट अध्यादेश स्वीकृत गराउन संसदीय अंकगणित मिलाउन सरकारले खोजेको छ । तर, निर्णायक रहेको जसपा नेपालले मधेश प्रदेश सरकारको नेतृत्व पाए तयार रहेको सन्देश पठाएको छ





जसपा नेपालसित पनि कुरा भइरहेको छ तर निर्णय दिइरहेको छैन

**बेदुराम भुसाल**
बरिष्ठ उपाध्यक्ष
नेकपा एस

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २१ माघ ।

संसद् नरहेका बेला सरकारले ल्याएका अध्यादेशहरू संसद्बाट अगाडि बढ्ने वा नबढ्नेबारे अन्योल सिर्जना भएको छ । जनता समाजवादी पार्टी (जसपा) नेपालले अध्यादेशको पक्षमा उभिने वा विपक्षमा भन्ने निर्णय लिन सकिरहेको छैन । जसपा नेपालले निर्णय नदिँदा अध्यादेश संसद्बाट स्वीकृत हुन्छन् कि हुँदैनन् भन्ने पनि अन्योलमै रहन पुगेको छ ।

मन्त्रिपरिषद्को सिफारिसमा गत १४ पुसमा राष्ट्रपति रामचन्द्र पौडेलले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ जारी गरेका थिए ।

२९ पुसमा थप ४ वटा अध्यादेश जारी भए । २ माघमा अर्को एउटा अध्यादेश जारी भएको थियो । ६ वटै अध्यादेश गत शुक्रबार दुवै सदनमा प्रस्तुत गरिएको थियो ।

अध्यादेशलाई संघीय संसद्का दुवै सदनले स्वीकृत गर्नुपर्छ ।

सरकारले यही २४ माघमा अध्यादेशलाई दुवै सदनमा निर्णयार्थ प्रस्तुत गर्ने तयारी गरेको छ । विपक्षी दलहरूले भने अध्यादेश अस्वीकृत गर्नका लागि विरोधको सूचना दर्ता गरेका छन् । प्रतिनिधिसभामा ५० >>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## यूएईको श्रम बजारमा दबदबा बढाउँदै पाकिस्तान

**मध्यान्ह संवाददाता**
दुबई, २२ माघ ।

पाकिस्तानले यूएईको श्रम बजारमा आकर्षक तलब सुविधाको रोजगारीमा आफ्ना नागरिकको दबदबा बढाउने नीति लिएको बताएको छ । यूएईमा लेखापाल, आईटी दक्षहरू, बैंकरहरू, एआई विशेषज्ञहरू, चिकित्सक, नर्सहरू र पाइलटहरूको आवश्यकता बढिरहेको छ । पाकिस्तानले ती पदहरूका लागि उच्चस्तरीय तालिम दिन थालेको यूएईका लागि पाकिस्तानी राजदूत फैसल नियाज तिर्मिजीले बताएका छन् ।

यूएई नेपाली कामदारको पनि प्रमुख श्रम गन्तव्य हो । चालू आर्थिक वर्षको ६ महिनामा करिब १ लाख नेपाली रोजगारीका लागि यूएई पुगेका छन् । हाल यूएईमा दक्ष कामदारको माग निरन्तर बढ्दै गएको छ । तर, नेपालले उक्त मुलुकमा जाने कामदारको सीप बढाउने कार्यक्रम ल्याएको छैन ।

हाल यूएईमा नेपाली कामदारले जस्तै पाकिस्तानी कामदारले पनि मासिक १ हजार दिराम तलब पाइरहेका छन् । तर, अब भने पाकिस्तानले २० हजार दिराम तथा त्यसभन्दा बढी तलब पाउनेगरी कामदारको क्षमता बढाउने राजदूत तिर्मिजीले बताए । यूएईमा आगामी वर्षहरूमा आईटी, लेखा, स्वास्थ्य, हेरचाह, केयर गिभरका लागि फिजियोथेरापिस्ट र नर्सहरूको माग बढ्ने आँकलन गरिएको छ ।

यूएईबाट पाकिस्तान जाने रेमिट्यान्स अघिल्लो ६ महिनाको तुलनामा ५३ प्रतिशतले बढेर ४ दशमलव ५ बिलियन डलर पुगेको छ । >>> पृष्ठ २ मा

### प्रजातान्त्रिक वै. रो. संघले कसैसँग तालमेल नगर्ने

**काठमाडौं / मस-** राष्ट्रिय प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी कार्यसमितिको निर्वाचनका लागि कसैसँग प्यानल नबनाउने निर्णय गरेको छ ।

वैदेशिक रोजगार व्यवसाय क्षेत्रमा अनेकौं प्रकारका समस्या रहेकाले ती समस्या समाधानका लागि ठोस काम गर्न सक्ने उम्मेदवारहरूलाई स्वतन्त्र रूपमा मतदान गर्ने अध्यक्ष भिष्मराज अधिकारीले मध्यान्हलाई बताए ।

उनले चुनावलाई केही ठूला संघसंस्थाले सुधारभन्दा >>> पृष्ठ २ मा

## रविविरुद्ध चौथो मुद्दा दायर

**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, २२ माघ ।

सहकारी संस्थाको रकम अपचलनसम्बन्धी ३ वटा जिल्लामा मुद्दा विचाराधीन रहेका राष्ट्रिय स्वतन्त्र पार्टी सभापति रवि लामिछानेविरुद्ध चितवनमा पनि मुद्दा दर्ता भएको छ ।

जिल्ला सरकारी वकिल कार्यालय चितवनले पूर्वगृहमन्त्रीसमेत रहेका लामिछानेविरुद्ध चितवनको सहारा सहकारी संस्थाको रकम ठगी गरेको अभियोगमा मुद्दा दर्ता गरेको हो । योसँगै उनीविरुद्ध सहकारी प्रकरणमा मुद्दा दर्ता भएका जिल्लाको संख्या ४ पुगेको छ ।

चितवन जिल्ला अदालतका प्रवक्ता अमृत विश्वकर्माका अनुसार लामिछानेविरुद्ध सहकारी संस्थाको रकम ठगीको अभियोगमा मात्र मुद्दा दर्ता भएको छ ।

यसअघि ठगी गरेको आरोपमा १७ जनाविरुद्ध अभियोगपत्र दायर भएकामा अहिले थप १५ जनाविरुद्ध पूरक अभियोगपत्र दर्ता भएको हो ।

विश्वकर्माका अनुसार पूरक अभियोगपत्रमा संगठित अपराधमा समेतगरी >>> पृष्ठ २ मा

## एआई नीति ल्याउँदै सरकार



> एआईको प्रयोग, उल्लंघन वा दुरुपयोग हुन नदिन सरकारले नीति ल्याउने तयारी गरेको छ

**गजेन्द्रकुमार ठाकुर**
**प्रवक्ता, संचार तथा सूचना प्रविधि मन्त्रालय**

**निमिष झा / मध्यान्ह**
काठमाडौं, २२ माघ ।

नेपालमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को विकास र प्रयोगका लागि नैतिक दिशा निर्देश र अन्तर्राष्ट्रिय मान्यतासँग अनुकूल हुनेगरी सरकारले 'एआई एक्सिलेन्स सेन्टर' स्थापना गर्ने भएको छ ।

नेपालमा एआईको अनुसन्धान, विकास, प्रयोग, नियमन तथा प्रवर्द्धन गर्नका लागि विभिन्न संस्थागत संरचनाहरू तयार गर्ने राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीतिको अवधारणापत्रमा उल्लेख छ ।

विश्वमा बढ्दै गएको एआईको प्रयोग नेपालमा पनि हुन थालेपछि त्यसलाई नियमन गर्न संचार तथा सूचना प्रविधि मन्त्रालयले विभिन्न संस्थागत संरचनाहरू निर्माण गर्न लागेको हो । नेपालमा एआईको नैतिक प्रयोग होस्, दुरुपयोग नहोस् भनेर विभिन्न संरचनाहरू तयार गर्न >>> पृष्ठ २ मा

### एचपिभी खोप अभियान देशभर सुरु

# पहिलो दिन १ लाख ४० हजारले लगाए खोप

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ माघ

काठमाडौं/मस-प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबारदेखि देशभर पाठेघरको मुखको क्यान्सरविरुद्धको निःशुल्क एचपिभी खोप अभियान शुभारम्भ गरेका छन् ।

विश्व क्यान्सर दिवसको सन्दर्भ पारेर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महाराजगञ्जको शिवपुरी माध्यमिक विद्यालयमा आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री ओलीले काठमाडौं महानगरपालिका-३ का स्वास्थ्यकर्मीलाई स्वास्थ्य किट प्रदान गरी अभियानको थालनी गरेका हुन् । खोपको शुभारम्भ गर्दै प्रधानमन्त्री ओलीले बृहत् परिकल्पनाका साथ निरोगी नेपाल अभियान सञ्चालन गरिएकाले यस अभियानमा सबैको साझा प्रयास आवश्यक रहेको बताए ।

ओलीले मानव जातिको सुख र समृद्धि सरकारको लक्ष्य भएको बताए । उनले नेपालीलाई रोग र अभावबाट मुक्त बनाउन सकभर कोही बिरामी नहोउन् र बिरामी भइहालेमा सहज र गुणस्तरीयरुपमा



उपचारको प्रबन्ध होस् भनेर सरकारले आफ्ना तर्फबाट प्रयास गरिरहेको स्पष्ट पारे ।

प्रधानमन्त्री ओलीले निरोगी नेपालको केन्द्रविन्दुमा मानव जाति रहेकाले स्वच्छ र सन्तुलित खाना खाएर स्वस्थ्य रहन सबैमा आग्रह गरे । उनले उच्चमनोबल र साझा प्रयासबाट कोभिड-१९ को महामारीलाई पनि परास्त गरिएकाले पाठेघरको मुखको क्यान्सरविरुद्धको निःशुल्क एचपिभी खोप लागाउने अधिकारबाट तोकिएका समूहका कोही पनि किशोरीहरु वञ्चित नहोउन् भन्ने कामना गरे । कार्यक्रममा स्वास्थ्य तथा जनस्वास्थ्य मन्त्री प्रदीप पौडेलले खवर नपुगेर कोही पनि खोप सेवाबाट बञ्चित हुन नपरोस् भन्दै यसका लागि सबैले सञ्चार प्रवाहमा योगदान गर्न आग्रह गरे । फागुन ६ गतेसम्म सञ्चालन हुने यो अभियान विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका छात्रा र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेरका करिब १७ लाख किशोरीलाई खोप दिइनेछ ।

यसैबीच खोप अभियानको पहिलो दिन एक लाख ४० हजार किशोरीले खोप लिएका छन् ।

अधिकांश जिल्लामा अभियान प्रभावकारी रूपमा सञ्चालन भए पनि केही जिल्लामा श्रीपञ्चमी पूजाको विसर्जन कार्यक्रमका कारण विद्यालयमा छात्राहरूको उपस्थिति कम रहेको परिवार कल्याण महाशाखा, खोप शाखाले जनाएको छ । शाखाका प्रमुख डा.अभियान गौतमले मधेशका धेरै जिल्लामा सरस्वती पूजाको विसर्जनका कारण विद्यार्थी अनुपस्थित देखिएको बताए । अन्य जिल्लामा भने किशोरीहरूमा खोपप्रति उत्साह देखिएको डा. गौतमले बताए ।

**गगनको...**
पार्टीभित्रबाट मात्र नभएर बाहिरबाट समेत एउटा ठूलै तप्काले उनीहरूलाई नैतिक समर्थन जनाइरहेको छ ।

गत १४औं महाधिवेशनबाट महामन्त्रीमा विजयी यी २ नेताहरू आपसमा बाझाबाझ र विवादको अवस्थामा बाहिर प्रस्ट नदेखिए पनि आन्तरिक रूपमा प्रतिस्पर्धी भएकाले पक्कै एकअर्काप्रति हावी हुन चाहनु वा प्रयास गर्नु स्वाभाविक हो, अनौठो होइन ।

विक्रमको २०५० को दशकमै चर्चित विद्यार्थी नेताको परिचय बनाएका शर्मा २०५७ सालमा कांग्रेसको भ्रातृ संगठन नेविसंघका अध्यक्ष भएका थिए । शर्मा केन्द्रीय अध्यक्ष हुँदा थापा भने त्रिचन्द्र क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनका नेता थिए ।

राजनीतिमा उमेरले अग्रज/अनुज हुन्छ तर अवसरले हुँदैन भन्ने बलिया उदाहरण पनि हुन् विश्वप्रकाश र गगन । अहिले उनीहरू दुवै पार्टीकै महामन्त्रीका रूपमा छन् । आगामी महाधिवेशनमा पार्टीको हालभन्दा माथिल्लो जिम्मेवारीमा दाबी रहनु स्वाभाविक पनि हुने छ दुवै जनाका निम्ति ।

अघिल्लो महाधिवेशनपछि सभापति शेरबहादुर देउवाका विश्वासपात्रका रूपमा रहेर पार्टी प्रवक्तासमेत भइसकेका शर्मा पछिल्लो समय अघोषित रूपमा सभापतिबाट केही दुरीमा रहेका आँकलन पार्टीभित्रै भइरहेको छ । उता, संस्थापनइतर डा. शेखर कोइराला समूहमा देखिएका थापा पनि पछिल्लो समय 'तटस्थ' देखिँदै अवसरको पर्खाइमा रहेका देखिन्छन् ।

यी दुवै युवा नेताले आगामी रणनीति कुन रूपमा अगाडि बढाउलान् भनेर अहिल्यै अनुमान लगाउनु हतारो हुन सक्छ । यद्यपि, दुवै जनाले एकअर्काप्रति हावी हुने भरमग्दुर प्रयत्न भने गर्ने छन् ।

**शर्मामाथि थापा हावी**

महामन्त्रीद्वय शर्मा र थापाको सम्बन्ध विगतदेखि नै 'सुमधुर' मानिन्छ । उनीहरूबीच सम्मान र प्रेम नै देखिन्छ । यसर्थ पनि शर्मा र थापाको 'सहकार्य' सशक्त र मैत्री हुने आमआँकलन रहिआएको छ ।

यद्यपि, राजनीतिले यस्तो अपेक्षा गर्दैन । अहिले पार्टीभित्र यी २ खास प्रतिस्पर्धी हुन् र यो प्रकट वा अप्रकट रूपमा देखिने नै छ । अबको १५औं महाधिवेशनमा थापा सोझै पार्टी सभापतिका दाबेदार बन्ने मुडमा रहँदा शर्माले के गर्लान् ? यो प्रश्न आमजिज्ञासा बनेको छ ।

थापाले आफूलाई पार्टी नेतृत्वको दाबेदारका रूपमा उभ्याउने प्रयत्न गरिरहँदा वा अगाडि बढाइरहँदा शर्मा भने गीत, कविता र हिमाल आरोहणमा अलमलिएका छन् । थापा संसद् र सडकबाट आफूलाई अब्बल साबित गर्न 'कन्भिन्सिङ' मन्तव्य र भाषणहरू दिइरहेका छन् जबकि शर्माले न संसद्, न त सडकबाटै आफ्नो प्रभाव देखाउन सकेका छन् ।

राजनीतिक विश्लेषक हरिविनोद अधिकारी विश्वप्रकाशलाई साह्रै कमजोर ठान्छन् गगनका अगाडि । 'विश्वलाई स्पष्ट वक्ता र बुद्धिजीवी भन्ने हाम्रो धारणा गलत रहेछ । अडान पनि देखिएन । उनले आफूलाई चिनेनन् । पदको गरिमा बुझेनन्', अधिकारी भन्छन्, 'उनले कृष्णप्रसाद सिटौलालाई टार्गेट देखे तर उनका खास प्रतिद्वन्द्वी चिनेनन् । गगनका अगाडि भने गरुडको अगाडि सर्प जस्ता भए ।'

गगनले विश्वलाई साथ दिएजस्तो गरेर विश्वलाई छायामा पारिदिएका उनको बुझाइ छ । चलाखीमा पनि गगन अगाडि रहेका तर गगनले पनि सोचेजति भूमिका भने नगरेको अधिकारी बबताउँछन् । कामले महामन्त्री दुवै बन्न नसकेका अधिकारीको टिप्पणी छ ।

अर्का राजनीतिक विश्लेषक शंकर तिवारी पनि राजनीतिमा कामले अगाडि र पछाडि वा बरिष्ठ र कनिष्ठ हुने बताउँछन् । भन्छन्, 'कामका आधारमा मूल्यांकन हुनुपर्छ । यसरी हेर्दा गगनले विश्वभन्दा काम बढी अवश्य गरेका छन् ।'

तिवारीको बुझाइमा पटकपटक सांसदमा जनताले अनुमोदन गरेका र जनताका काममा पनि सक्रियता देखाएका र काम गरेका कारण गगनले लोकप्रियता कमाएका छन् । यही कारण विश्व स्वयंले गगनलाई संसदीय दलका नेतामा समेत प्रस्ताव गरेका उनको भनाइ छ ।

तिवारीले बेलायतको राजनीतिको उदाहरण दिँदै भने, 'बेलायतमा लेबर पार्टीको इतिहासमा कुनै बेला गोर्डन ब्राउन टोनी ब्लेयरभन्दा सिनियर थिए तर ब्लेयरको लोकप्रियतालाई स्वीकार गरेर ब्राउन पछि हटेका थिए । कांग्रेसभित्र विश्व र गगनको अवस्था अहिले त्यस्तै छ ।'

यसरी हेर्दा थापा शर्मामाथि केही हदसम्म हावी भएका देखिन्छ । शर्माले सरकारमा सहभागी भएर थापाले जसरी 'काम देखाउने' अवसर पनि नपाएका कारण उनको कार्यक्षमताबारे आमजन र कांग्रेस कार्यकर्ता नै विश्वस्त हुन सकेका छैनन् तर थापाले त्यसलाई पनि पुष्टि गरिसकेका छन् ।

आमजनले अब बोल्नेलाई नभएर गर्नेलाई रोज्ने परम्परा बसिरहेको सन्दर्भमा यी २ युवा नेताबीच तुलना हुनु र को कसमाथि हावी हुन सक्ला भन्ने आँकलन हुनु अन्यथा होइन । 'गर्ने'लाई छान्ने परम्परा र सोचले निरन्तरता पाएमा भने आगामी महाधिवेशनमा शर्मामाथि थापा हावी हुने आमआँकलन छ ।

**चतुर...**
दोस्रो पटक सांसद हुँदा नै स्वास्थ्यमन्त्रीको जिम्मेवारी पाएका थापाले आफू मन्त्री बनेपछि स्वास्थ्य बीमालगायतका केही लोकप्रिय कार्यक्रम ल्याएपछि उनीप्रतिको आशा र भरोसा बढ्यो आमजनमा । तर, बाखा पालनमा भएको भनिएको अनियमितताको आरोपबाट भने उनी आजसम्म मुक्त हुन सकेका छैनन् ।

**भावुक...**
बढ्न सक्नुहुन्न ।' कार्यकारी नेतृत्व काम गर्ने सवालमै कमजोर हुनु भनेको 'सेरेमोनियल' महामन्त्री बन्नु सरह भएको उनको भनाइ छ ।

उसो त, थापा तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाबाट 'लखेटिए'झैं शर्मा पनि झापाकै आफ्नै राजनीतिक अग्रज कृष्णप्रसाद सिटौलाको चेपमा परिरहे लामो समयसम्म । आफ्नो 'खतरनाक' प्रतिस्पर्धीका रूपमा सिटौलाले शर्मालाई सधैं हेरिरहे । पटकपटक पार्टीमा र सांसदमा शर्मालाई अवरोध गरिरहे सिटौलाले तर पछिल्लो समय शर्माको भाग्य बलियो भएर हो वा सिटौलाको 'दम' कमजोर भएर हो, शर्मा पार्टी महामन्त्री र प्रतिनिधिसभा दुवैमा विजयी बने ।

**मधेश...**
वटा र राष्ट्रियसभामा १६ वटा अस्वीकृतका सूचना दर्ता भएका छन् ।

विपक्षमा रहेका दलहरू नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) लगायतले अध्यादेश अस्वीकृत गर्ने भनेर सूचना नै दर्ता गरिसक्दासमेत जसपा नेपालले निर्णय लिन सकेको छैन ।

सत्तापक्ष र प्रतिपक्षमा रहेका दलहरू पनि जसपा नेपालको निर्णय कुरिरहेका छन् । आफ्नो पक्षमा पार्ने लबिङमा पनि उनीहरू लागिपरेका छन् ।

नेकपा एसका बरिष्ठ उपाध्यक्ष बेदुराम भुसाल भन्छन्, 'जसपा नेपालसित पनि कुरा भइरहेको छ तर निर्णय दिइरहेको छैन ।'

प्रतिनिधिसभामा सत्तापक्षमा प्रस्ट बहुमत छ । तर, राष्ट्रियसभामा जसपा नेपालको मत निर्णायक छ । यस कारण जसपा नेपालले सत्तापक्ष र प्रतिपक्ष दुवैले उसको निर्णय पर्खिएका हुन् ।

५९ सदस्यीय राष्ट्रियसभामा कांग्रेस (१६), नेकपा एमाले (१०) र लोकतान्त्रिक समाजवादी पार्टी (१) गरेर २७ जना सांसद छन् । यो बहुमत होइन । मनोनीत सांसद डा. अन्जान शाक्य एमाले समर्थित हुन् । उनलाई समेत जोड्दा सत्तापक्षको सांसद संख्या २८ पुग्छ ।

राष्ट्रियसभामा विपक्षी दलहरूसँग माओवादी केन्द्र (१७), नेकपा एस (८) र राष्ट्रिय जनमोर्चा (१) गरेर २६ जना सांसद छन् । जनता समाजवादी पार्टी नेपालका ३ जना सांसद छन् । यो पार्टीले अध्यादेशमा जसलाई साथ दिन्छ, उतै बहुमत पुग्ने सम्भावना रहन्छ ।

मनोनीत सांसद वामदेव गौतम पनि कतै खुलेका छैनन् । अर्का मनोनीत सांसद नारायण दाहाल सभाका अध्यक्ष छन् । दुवै पक्षमा बराबर मत भए मात्र उनले मतदान गर्न पाउँछन् ।

राष्ट्रियसभामा निर्णायक रहेको जसपा नेपाल भने कार्यदल बनाएर विज्ञहरूसँग सुझाव लिइरहेको छ । राजकिशोर यादवको नेतृत्वमा गठित कार्यदलको बैठक मंगलबार सिंहदरबारमा बसेको थियो । संयोजक यादवका अनुसार बुधबार दिउँसो १ बजे फेरि कार्यदलको बैठक बस्ने छ ।

बुधबार अध्यादेशबारे धारणा बनाएर बिहीबार पार्टीको संसदीय दलको बैठकमा अध्यादेशबारे सुझाव प्रतिवेदन बुझाउने कार्यदलको तयारी छ ।

बिहीबार नै प्रतिनिधिसभा र राष्ट्रियसभामा सरकारले ल्याएका विभिन्न ६ वटा अध्यादेश निर्णयार्थ पेस हुँदै छन् । त्यस अगाडि पार्टीको धारणा तय गरेर अध्यादेश स्वीकार गर्ने कि नगर्ने भनेर जसपा नेलालले निर्णय लिन लागेको हो । सत्तापक्ष र प्रतिपक्षलाई अध्यादेश संसद्मा निर्णयार्थ पेस हुने बेला मात्र निर्णय दिने जसपा नेपालको नीति छ । राष्ट्रियसभाबाट अध्यादेश स्वीकृत गराउन संसदीय अंकगणित मिलाउन सरकारले खोजेको छ । तर, निर्णायक रहेको जसपा नेपालले मधेश प्रदेश सरकारको नेतृत्व पाए तयार रहेको सन्देश पठाएको छ । आफ्ना पार्टीका नेता/कार्यकर्ताविरुद्ध रहेका मुद्दाहरूसमेत फिर्ता हुनुपर्ने जसपा अध्यक्ष उपेन्द्र यादवको शर्त छ ।

**यूएईको...**
पाकिस्तानले आगामी जुन अन्त्यसम्म यूएईबाट ९ अर्ब अमेरिकी डलर रेमिट्यान्स भित्र्याउने लक्ष्य राखेको पनि राजदूत तिमिर्जीले खुलासा गरेका छन् । पाकिस्तानले उच्च दक्षता प्राप्त कामदारका अतिरिक्त क्रेन अपरेटर तथा सुरक्षा गार्ड पठाउने बताएको छ ।

**प्रजातान्त्रिक...**
व्यक्तिगत प्रतिष्ठा र अहंकार प्रस्तुत गर्ने, जित-हारका परम्परागत शैली अपनाएको भन्दै त्यसको विपरीत सक्षम उम्मेदवारलाई मतदान गर्ने उनले बताए ।

**एआई ..**
लागिएको छ । एआईको अध्ययन, अनुसन्धान र विकासका लागि यो सेन्टर स्थापना गरिन लागिएको हो ।

संचार तथा सूचना प्रविधि मन्त्रालयले सार्वजनिक गरेको 'राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति, २०८१' को मस्यौदामा एआईको नियमनका लागि विभिन्न विशेष संरचनाहरू निर्माण गरिने उल्लेख छ । यसका लागि सरकारले 'एआई नियमन परिषद्' गठनको प्रस्ताव गरेको छ ।

एआईसम्बन्धी कानुनी संरचना तयार गर्न तथा आवश्यक नीति निर्माणका लागि 'एआई नियमन परिषद्' गठन गर्ने प्रस्ताव गरिएको हो । परिषद्मा संचारमन्त्री अध्यक्ष र राष्ट्रिय एआई केन्द्रका प्रमुख सदस्य सचिव रहने छन् ।

मस्यौदा नीतिको रणनीति ८.२ मा एआईको अनुसन्धान, विकास, प्रयोग, नियमन र प्रवर्द्धन गर्न परिषद्, केन्द्र र सेन्टर जस्ता संस्थागत संरचना निर्माण गर्ने उल्लेख छ । प्रस्तावित नीतिमा भनिएको छ, 'एआईसम्बन्धी मुख्य निकायको रूपमा कार्य गर्ने राष्ट्रिय एआई केन्द्र स्थापना गरिने छ ।'

नेपालमा एआई प्रयोगको विषयमा अनुभव, विज्ञता तथा साक्षरताको कमी हुनु, एआईको प्रयोगका लागि डाटा सिर्जना, सहज पहुँचमा अवरोध र डाटाको उपलब्धतामा अभाव हुनुलाई सरकारले समस्याको रूपमा लिएको छ ।

संचार मन्त्रालयअन्तर्गत स्थापना गरिने भनिएको एआई केन्द्रले राष्ट्रियस्तरमा एआईको विकास र प्रयोगलाई निमयन गर्ने, एआईसँग सम्बन्धित वस्तु तथा सेवाको गुणस्तर तथा मापदण्ड तर्जुमा गर्नेलगायत कार्य गर्ने छ ।

सेन्टरलाई एआई प्रविधिमा नवीनतम अनुसन्धान र विकास गर्ने, डेटा गोपनीयता, नैतिकता र पारदर्शितालाई प्राथमिकता दिँदै एआईको अनुसन्धान र विकासमा प्रयोग हुने डेटाको व्यवस्थापना गर्ने, स्वास्थ्य, शिक्षा, कृषि र अन्य सामाजिक क्षेत्रमा एआई प्रविधिको उपयोग गर्ने सरकारको तयारी छ । प्रदेश र स्थानीय तहमा एआईसम्बन्धी समन्वय र सहकार्य गर्ने संयन्त्र पनि निर्माण गर्ने एआई नीतिमा सरकारले प्रस्ताव गरेको छ । यसअन्तर्गत सरकारले फाइभ-जी एन्ड बियोन्ड, सफ्टवेयर डिफाइन्ड नेटवर्क र फाइबर-अप्टिक जस्ता प्रविधि प्रयोग गरी उच्च गतिको इन्टरनेट सेवा विस्तार गर्नेदेखि अन्तर्राष्ट्रियस्तरको डेटा सेन्टर र क्लाउड पूर्वाधार निर्माण गर्ने नीति प्रस्ताव गरिएको छ ।

सरकारले गत असारमा पहिलो पटक एआईको प्रयोग तथा अभ्याससम्बन्धी अवधारणापत्र तयार गरेको थियो । अवधारणापत्रमा सरकारले एआईसम्बन्धी नीति, कानुन र कार्यविधिको निर्माण गर्नुपर्ने औंल्याइएको छ । मन्त्रालयले अवधारणापत्रअनुरूप नै नीति बनाएको र यसपछि कानुन निमार्णमा लाग्ने जनाउँदै आएको छ । प्रस्तावित नीतिमा अर्थ, कानुनलगायत मन्त्रालयको समीक्षापछि मन्त्रिपरिषद्ले अध्ययन गर्ने र त्यहाँबाट पारित भएसँगै नीति लागू हुने छ ।

एआईको प्रयोग गर्दा ट्रेडमार्क, पेटेन्ट, बौद्धिक सम्पत्तिको संरक्षण गर्न तथा उल्लंघन वा दुरुपयोग हुन नदिन नीति ल्याउने तयारी गरेको संचार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरले जानकारी दिए ।

उनका अनुसार विश्वमै एआईको अनुसन्धान, विकास तथा प्रयोग हुन थालेपछि नेपालमा पनि केही निजी उद्योग र स्टार्टअपले च्याटबोट, प्राकृतिक भाषा प्रसोधन र मेसिन लर्निङ प्रणालीको विकास गरिरहेका छन् । त्यसैले सरकारले एआईसम्बन्धी राष्ट्रिय नीति ल्याउन लागेको उनले बताए ।

'नेपालका केही विश्वविद्यालयले एआईसम्बन्धी विषयको अध्यापन, अनुसन्धान गरिरहेको हुनाले पनि त्यस विषयमा अहिले नीति ल्याउन आवश्यक छ', प्रवक्ता ठाकुरले भने ।

**रविविरुद्ध...**
अभियोग लगाइएकामा कुल ३२ जनामध्ये १२ जनाविरुद्ध ठगी र संगठित अपराध दुवै कसुरमा दर्ता भएको छ । लामिछानेको हकमा भने सहकारी संस्थाको रकम ठगी गरेको मात्र अभियोग लगाइएको छ ।

अभियोगपत्रमा ३८ करोड ९ लाख ७९ हजार रुपैयाँ जाहेरीवालाहरूलाई क्षतिपूर्ति भराउनुपर्ने मागदाबी गरिएको छ । यसअघि कास्की, काठमाडौं र रुपन्देही जिल्लामा मुद्दा दर्ता भई उनीविरुद्ध मुद्दा विचाराधीन अवस्थामा छ । लामिछानेले हालसम्म धरौटीबापत नै सवा २ करोड रुपैयाँ बुझाइसकेका छन् ।

कास्की जिल्ला अदालतले २५ पुसमा उनलाई ६५ लाख रुपैयाँ धरौटीमा रिहा गरेको थियो । त्यसपछि काठमाडौं जिल्ला अदालतले २ माघमा ६० लाख रुपैयाँमा लामिछानेलाई थुनामुक्त गरेको थियो । यसैगरी रूपन्देही जिल्ला अदालतले १३ माघमा सबैभन्दा बढी १ करोड रुपैयाँ धरौटी लिएर उनलाई रिहा गरेको थियो ।

सहकारी समस्याबारे छानबिनका लागि गठन भएको संसदीय विशेष समितिले लामिछानेमाथि कारबाही गर्न सिफारिस गरेपछि उनीमाथि विभिन्न जिल्लामा अनुसन्धान सुरु भएको थियो । यस प्रकरणमा लामिछानेबारे हाल अनुसन्धानरत जिल्ला भनेको पर्सा छ ।

सरकारी वकिल कार्यालय पर्साका जिल्ला न्यायाधिवक्ता भोलानाथ निरौलाका अनुसार मुद्दा दायर गर्न अझै एकाध साता लाग्ने देखिएको छ ।

संसदीय छानबिन समितिको प्रतिवेदनले लामिछाने जिम्मेवार कार्यकारी भूमिकामा रहेको समयमा टेलिभिजनको काममा सहकारीबाट लगिएको रकम परिचालन भएको देखिएको जनाएको थियो । प्रतिवेदनले उनलाई कानुनबमोजिम कारबाही गर्न भनिएको छ ।

लामिछाने पनि आबद्ध ग्यालेक्सी टेलिभिजनको संचालक कम्पनी गोर्खा मिडियामा गितेन्द्रबाबु (जी. बी.) राई संलग्न भएका ७ मध्ये ५ सहकारीको रकम अनधिकृत रूपमा ल्याइएको समितिको प्रतिवेदनमा औंल्याइएको छ । प्रहरीका अनुसार राई फरार छन् ।

## कार्यक्रम बहिष्कार गर्ने अखिलका ६ प्रदेश अध्यक्षको चेतावनी

**काठमाडौं/मस–** उमेर हदको विवादमा रुमलिएर बल्लतल्ल नेतृत्व चयन गरेको अखिल (क्रान्तिकारी) मा फेरि वरीयताको लडाईं सुरु भएको छ ।

केन्द्रका अध्यक्ष भन्दा प्रदेशका अध्यक्षहरु सिनियर हुँदा वरीयतामा तल परेको भन्दै ९ मध्ये ६ जना प्रदेश अध्यक्षले नीतिगत त्रुटी सच्याउन माग गर्दै अखिल क्रान्तिकारी केन्द्रीय कार्यालयका फ्राक्सन इन्चार्जलाई पत्र लेखेका छन् । कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश कमिटीका अध्यक्षहरूले मंगलबार संयुक्त विज्ञप्ति जारी गर्दै विधानमा भएको नीतिगत त्रुटि सच्चाई दिनुपर्ने माग राखेका छन् ।

क्रान्तिकारीको २३ औं राष्ट्रिय सम्मेलन अगाडि नै क्याम्पस इकाइ समिति, स्थानीय तहका सम्मेलन, जिल्ला सम्मेलन, प्रदेश सम्मेलन (केही बाहेक) सम्पन




भएको थियो । संगठनले दिएको निर्देशन बमोजिम सो कार्य सम्पन्न गरेको र उमेरहदबारे संगठनले स्पष्ट निर्णय नगरेको अवस्थामा प्रदेश अध्यक्ष र पदाधिकारीहरू प्रदेश समितिमा निर्वाचित भएका थिए । तर, पछि मतदानमार्फत क्रान्तिकारीमा ३२ वर्ष उमेर हद लागू भयो । अहिले सोही विवाद बल्झिएका हो ।

उमेरहद लागू भए पश्चात राजनीतिक पृष्ठभूमिमा प्रदेश अध्यक्ष र पदाधिकारीहरू भन्दा जूनियर साथीहरूले केन्द्र कै पदाधिकारीमा विजय हासिल गर्नु स्वभाविक नै भएको उनीहरूको बुझाइ छ ।

'तर, उमेरहदबारे निर्णय स्पष्ट नभएको अवस्थामा हामी सिनियर साथीहरू प्रदेश कमिटीमै रहनुपर्ने बाध्यकारी अवस्था थियो र सोही अनुसार हामी सबै अघि बढेका थियौं । त्यसकारण अहिलेको परिस्थिति विशेष निर्णय गर्दै संगठनले प्रदेश अध्यक्षहरूलाई केन्द्रको उपाध्यक्ष सोसरह र प्रदेशको उपाध्यक्ष, प्रमुख सचिवसम्मलाई उपमहासचिव सोसरह र अन्य पदाधिकारीलाई सचिब सोसरह हुने व्यवस्था कायम गरी विधान सच्याउन जोडदार माग गर्दछौं', ६ प्रदेश अध्यक्षले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

उनीहरूले नीतिगत त्रुटी नसच्याइए कार्यक्रम बहिष्कार गर्ने चेतावनी दिएका छन् ।

## कागेश्वरी मनोहरा-९ का महिलालाई उद्घोषण तथा कार्यक्रम प्रस्तुतीकरण तालिम

**काठमाडौं/मस**-काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका वडा नं ९ ले महिला चेतनामूलक कार्यक्रम अन्तर्गत २५ जना महिलालाई १५ दिने उद्घोषण तथा कार्यक्रम प्रस्तुतीकरण विशेष तालिम दिएको छ ।

सरस्वती पूजाका दिन आयोजित समापन कार्यक्रममा तालिममा सहभागीहरुलाई कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्की, उपप्रमुख शान्ता थापा, वडा नं ९ का वडाध्यक्ष अनिल थापा लगायतले प्रमाणपत्र प्रदान गरेका थिए ।

तालिम समापन कार्यक्रममा बोल्दै नगर प्रमुख उपेन्द्र कार्कीले आफूले सिकेको सीप र ज्ञान व्यवहारमा प्रयोग गर्न आग्रह गरे । राम्रो मान्छेको खोजी सबैले गर्ने तथा ज्ञानले थप पहिचान पनि दिने भएकाले अवसर पाउँदा अगाडि बढ्न र व्यवसायिक रुपमा समेत आफ्नो कलालाई प्रयोग गर्नुपर्नेमा उनले जोड दिए ।

नगर उपप्रमुख शान्ता थापाले सिकेको सीपलाई प्रयोग गर्न समूह बनाएर अघि बढ्न सुझाव



दिइन् । १५ दिनको सिकाइले महिला दिदीबहिनीहरुमा निकै उर्जा मिलेको महसुस भएको उनको भनाइ छ ।

वडा नं ९ का वडाध्यक्ष अनिल थापाले तालिमको उद्देश्य महिलाहरुलाई आयआर्जन गर्न सहज होस् भन्ने पनि रहेको बताए । समाजमा सचेतना फैलाउन सक्ने बनाउन अझ थप तालिमहरु प्रदान गर्ने पनि उनले बताए ।

वडा नं. ७ का वडाध्यक्ष भिमसेन थापाले सबै प्रशिक्षार्थीहरुलाई तालिम प्राप्त गरेकोमा बधाइ दिँदै महिलाहरुको क्षमता अभिवृद्धिका लागि यस्ता प्रकारका तालिमहरु आवश्यक पर्ने बताए ।

प्रमुख प्रशिक्षक शिरोमणि दवाडी तथा प्रशिक्षक पुरुषोत्तम बस्नेतले प्रयोगात्मक र प्रविधिमैत्री तालिम भएकाले प्रशिक्षार्थीहरूमा संचार कुशलता पनि बढेको जानकारी दिए । समापन कार्यक्रम प्रशिक्षार्थीहरुले नै सञ्चालन गर्दै आफूले तालिमका क्रममा सिकेका र अनुभव गरेका कुराहरुले आत्मविश्वासका साथै सूचना र प्रविधिलाई प्रयोग गर्दै व्यवसायिक विकास गर्न पनि तालिम उपयोगी रहेको बताएका थिए ।

समापन कार्यक्रममा कार्यपालिका सदस्य सारा पुर्कुटी, वडा -९ सदस्य भगवती बस्नेत पाण्डे र मन्जु थापा लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## मौलापुरमा छैटौं मधानी महोत्सव हुँदै

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २२ माघ

भगवान शिवसँग सम्बन्धित लोपोन्मुख मौलिक लोक अनुष्ठानको रुपमा रहेको मधानी महायज्ञको प्रवर्द्धनमा रौतहटको मौलापुर नगरपालिका जुटेको छ ।

शिवपार्वतीको विवाहको मौलिक अनुष्ठानको रुपमा रहेको मधानी महायज्ञलाई मौलापुर नगरपालिकाले गत पाँच वर्षदेखि विश्वव्यापी पहिचान दिन खोजेको छ । यसै क्रममा आगामी फागुन १४ गते महाशिवरात्रीका दिन हिन्दी भोजपुरी चलचित्रका चर्चित कलाकार रविकिशनसहित दुई दर्जनभन्दा बढी कलाकार मौलापुर आउने भएका छन् । मौलापुर नगरपालिकाले मंगलबार वडा नम्बर ५ पतौरास्थित पुरातात्विक महादेव मन्दिर परिसरमा आयोजना गरेको पत्रकार सम्मेलनमा नगर प्रमुख रिनाकुमारी साहले मधानी महोत्सवबारे जानकारी गराएकी थिइन् । २०७६ सालको महाशिवरात्रीको दिन पहिलो मधानी महायज्ञको आयोजना गरी सुरुवात गरिएको महोत्सवको छटौं संस्करण फागुन १४ गते हुन लागेको हो । मधानी महोत्सवले मौलिक संस्कृतिको सम्वर्द्धन हुने, पर्यटकीय विकास हुने तथा व्यापार प्रवर्द्धन हुने विश्वास रहेको नगर प्रमुख साहको भनाइ छ ।

फागुन ११ देखि १५ सम्म चल्ने महोत्सवमा करिब १० लाख दर्शक आउने नगर उपप्रमुख नागेन्द्र प्रसाद यादवको दाबी छ ।

स्थानीय सांस्कृतिक नाच, मधानी यज्ञमा शिवको जन्ती, भारतबाट बोलाइएको शिवलीला




प्रदर्शन कुस्ती जस्ता कार्यक्रमका साथै मधानी सांस्कृतिक महोत्सवको आयोजना गरिएको र सांस्कृतिक महोत्सवमा बलिउड भोजपुरी कलाकार, रविकिशन, रितेश पाण्डे, विनय विहारीका साथै नेपाली कलाकार रचना शिवाकोटी, अर्जुन विसी, प्रीति आर्या, विजय यादव निर्बीज, रुद्र नारायण तिवारी सदाम हुसेन र दिपेश शर्मा लगायतका कलाकारहरुको प्रस्तुति निश्चित भइसकेको र अन्य कलाकार हरुसँग पनि सम्पर्क गर्ने काम भइरहेको नगर प्रमुख साहको भनाइ छ ।

उपप्रमुख यादवले मौलापुर नगरपालिकाले मधानी महोत्सवलाई पनि नगरको विकासको एउटा अंगको रुपमा स्वीकार गरिएको बताउँदै स्थानीय रुपमा व्यापार प्रवर्द्धन पनि हुने तथा विगतमा पनि भएको दृष्टान्त रहेको बताए ।

मौलापुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले गत असार १० गते भएको नगर सभाले मधानी महोत्सवको लागि ७८ लाख रुपैयाँ विनियोजन गरिसकेको जानकारी गराउँदै प्राचीन मन्दिर, प्राचीन महायज्ञ र प्राचीन खेलको लागि यस वर्षको महोत्सव प्रसिद्ध हुने बताए । वि.स.२०६५ मा जमिन खन्ने क्रममा मौलापुर ५ पतौरामा भेटिएको संरचनाको देशविदेशका पुरातत्वविद्बाट अध्ययन भएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सुचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/१०/२३

यस कम्पनीको मिति २०८१/०४/३० मा बसेको विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी **इन रिच कन्सल्टीङ ग्रुप प्राईभेट लिमिटेड** (In Reach Consulting Group Private Limited) (दर्ता नं. २८१३९७) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०५/१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **भि.एक्स.एल. माइग्रेसन एण्ड एजुकेशन कन्सल्टेन्ट्स प्राईभेट लिमिटेड** (V.X.L. Migration and Education Consultants Private Limited) कायम गरिएको जानकारी गराईन्छ ।

# ब्रिटिस–गोर्खा द्विपक्षीय सम्बन्धको महत्वपूर्ण कडी : बेलायती राजकुमार

**काठमाडौं/मस-** नेपाल भ्रमणमा आएका बेलायतका अधिराजकुमार डुयक अफ एडिनब्रा एडवार्डले मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलसँग शिष्टाचार भेटवार्ता गरेका छन् । राष्ट्रपति भवन शीतल निवासमा भएको शिष्टाचार भेटमा उनीहरूबीच द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको छ ।

भेटमा राष्ट्रपति पौडेलले जलवायु परिवर्तन आजको विश्वको प्रमुख चिन्ताको विषय भएकाले यो समस्या समाधानका लागि सबै मिलेर काम गर्नुपर्ने बताएका थिए ।

यसै सन्दर्भमा नेपालले सगरमाथा संवादको थालनी गर्न लागेको राष्ट्रपति पौडेलले जानकारी दिए । उक्त मञ्चको पहिलो संस्करण आगामी १६ देखि १८ मेसम्म काठमाडौंमा 'जलवायु परिवर्तन, हिमाल र मानवको भविष्य' विषयमा आयोजना हुन गइरहेको उनको भनाइ थियो ।

राष्ट्रपति पौडेलले बेलायतका राजपरिवारका सदस्यहरूबाट विभिन्न समयमा हुँदैआएका नेपाल भ्रमणले दुई देशबीच



रही आएको सुमधुर सम्बन्धलाई अझ मजबुत पार्न योगदान दिएको बताए । साथै उनले महारानी एलिजाबेथ द्वितीय र राजकुमार फिलिपबाट सन् १९६० र १९८६ मा नेपालको राजकीय भ्रमण भएको स्मरण गरे ।

'नेपाल र बेलायतबीच सदियौँदेखि घनिष्ट सम्बन्ध रही आएको छ, महत्वपूर्ण विकास साझेदारसमेत रहेको बेलायतले नेपालको चौतर्फी विकासमा सहयोग पुर्‍याउँदै आएकोमा धन्यवाद व्यक्त गर्दछु', राष्ट्रपति पौडेलले भने। उनले नेपाली नागरिक र आफ्नातर्फबाट राजा चार्ल्सको व्यक्तिगत सुख एवं सुस्वास्थ्यको कामना व्यक्त गरे । बेलायतको राजपरिवारका सदस्यबाट नेपाल आउने प्रयास भइरहेको र नेपाल आउँदा आफूलाई अत्यन्त खुसी लागेको बताउँदै अधिराजकुमारले नेपाल बेलायतबीच भविष्यमा सहयोगको आदानप्रदान गर्दा युवा र महिला सशक्तीकरणको विषय थप सान्दर्भिक हुने धारणा व्यक्त गरे । उनले ब्रिटिस सेनामा नेपालले भर्तीको लागि दिएको स्वीकृतिका लागि आभार प्रकट गर्दै नेपाल बेलायतबीचको सुमधुर सम्बन्धमा ब्रिटिस गोर्खा सैनिकको सम्बन्ध कोसेढुङ्गा रहेको उल्लेख गरे ।

सोही अवसरमा राष्ट्रपति पौडेलसमक्ष बेलायती सेनाको 'गोर्खा-ब्रिगेडका' प्रमुख मेजर-जनरल जेराल्ड स्ट्रिकल्याण्डले 'ब्रिगेड अफ गोर्खा' को सन् २०२४ को वार्षिक प्रतिवेदन पेस गरे । 'ब्रिटिस-गोर्खा हाम्रो द्विपक्षीय सम्बन्धको महत्वपूर्ण कडी हो, जनस्तरको सम्बन्धलाई थप सुदृढ गर्न पनि यसले महत्वपूर्ण योगदान पुर्‍याएको छ', प्रतिवेदन ग्रहण गर्दै राष्ट्रपति पौडेलले भने । उनले पूर्वब्रिटिस गोर्खाका केही जायज गुनासा सम्बोधन गर्न गठन भएको 'द्विपक्षीय संयन्त्र' मा सकारात्मक छलफल भइरहेको विश्वास व्यक्त गरे ।

भेटमा बेलायतका अधिराजकुमारका धर्मपत्नी सोफी, नेपालका लागि बेलायती राजदूत रब फेन सहभागी थिए ।


# नेपाली सेफ टंकद्वारा निर्मित वृत्तचित्र 'टेस्ट अफ इटाली' पोर्चुगलमा प्रदर्शन

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २२ माघ

इटालियन खानाका लागि यूरोपमा प्रख्यात नेपाली सेफ टंक सापकोटाले निर्माण गरेको इटालियन खानासम्बन्धी वृत्तचित्र 'टेस्ट अफ इटाली' सार्वजनिक गरिएको छ । वृत्तचित्र पोर्चुगलको राष्ट्रिय टेलिभिजन टिभीआईमार्फत सार्वजनिक एवं प्रसारण गरिएको हो । सापकोटाले पोर्चुगलमा सञ्चालन गरेको इटालियन रेष्टुरेन्ट 'कोमे प्रिमा' को २५औं वार्षिकोत्सवको अवसर पारेर प्रसारण गरिएको वृत्तचित्रमा इटालियन खानाको परम्परा, खानपानको शैली, खानाको स्वाद, व्यञ्जन र परिकारलाई समेटिएको छ । पोर्चुगिज चलचित्र निर्देशक टियागो पी.डे.कार्भाल्होले निर्देशन गरेको उक्त वृत्तचित्र इटालीका विभिन्न स्थानमा छायांकन गरिएको छ। पोर्चुगिज र इटालियन भाषाको सम्मिश्रणमा निर्माण गरिएको वृत्तचित्रमा सापकोटा स्वयं प्रमुख पात्र र प्रस्तोताका रूपमा प्रस्तुत भएका छन् ।

वृत्तचित्रमा मूलतः इटालियन परम्परागत खानाका जड, इटालियन खानाका रहस्य, इटालियन पाककलाको स्वाद र खानपानको शैलीलाई पस्कने प्रयास गरिएको छ । वृत्तचित्रलाई एउटा नेपालीले युरोपमा रहेर तीन दशकदेखि विदेशी परिकार इटालियन खानाका पारखीहरूलाई उत्कृष्ट स्वाद पस्कँदै प्राप्त गरेको सफलताका रूपमा समेत लिइएको छ ।

साथै खानाका पारखीदेखि लिएर प्रख्यात इटालियन सेफहरू, पाककलासँग सम्बन्धित विभिन्न व्यक्तिहरू र ८३ वर्षीया इटालियन वृद्धा भान्सेसँग इटालियन पाककला, खानाका परिकार, स्वादिष्ट भोजन र व्यञ्जन तथा



बहुमूल्य ट्रफलको खोजीलगायत विषयमा खोज, जानकारी, संवाद र साक्षात्कार गरिएको छ ।

इटालियन खानाका परिकार र विश्व बजारमा बहुमूल्य मानिने ह्वाइट ट्रफलको खोज अनुसन्धान र लिलामीलाई वृत्तचित्रमा प्रस्तुत गर्न खोजिएको छ । सेफ सापकोटाले इटालियन खानासम्बन्धी आर्जन गरेको ज्ञान, सीप, कला र कौशलतातालाई समेत वृत्तचित्रमा चित्रण गरिएको छ । आइतबार पहिलो भाग प्रसारण भएको उक्त वृत्तचित्र शृंखलाबद्ध रूपमा ६ भाग प्रसारण हुनेछ ।

वृत्तचित्र इटालियन खानामा केन्द्रीत रहेको भएपनि त्यसको प्रमुख पात्र आफू नेपाली भएको नाताले वृत्तचित्र नेपाल र नेपालीको गौरव र प्रतिष्ठासँग जोडिएको सापकोटाले बताए । वृत्तचित्रलाई नेपाली भाषामा समेत अनुवाद गरेर नेपालमा प्रदर्शन गर्ने योजना रहेको उनले बताए। करिब २८ वर्षदेखि सपरिवार पोर्चुगल बस्दै आएका बागलुङ, दमेकका सापकोटाको राजधानी लिस्बनमा तीन इटालियन र एक नेपाली गरी चार रेष्टुराँ सञ्चालनमा छन् । ट्रफल एम्बेस्डरसमेत रहेका सापकोटाले पाककलामा उत्कृष्टता प्रदर्शन गरेकै कारण दर्जनौं 'अवार्ड' तथा पुरस्कारसमेत प्राप्त गर्न सफल छन् ।

गत वर्ष उनको रेष्टुरेन्ट 'फोर्नो दी ओरो' ले युरोपकै उत्कृष्ट १२ औं पिज्जेरिया र विश्वकै उत्कृष्ट १० नापोलितान पिज्जेरियामा पर्न सफल भई अन्तर्राष्ट्रिय अवार्ड समेत प्राप्त गरेको थियो । सापकोटाले सन् २०१८ मा इटालीबाट खरिद गरी ल्याएको विश्वकै ठूलो र दुर्लभ प्रजातिको बहूमूल्य च्याउ (ह्वाइट ट्रफल) पोर्चुगलमा सार्वजनिक गरेका थिए । सन् २०१६ मा उनी पोर्चुगलमा युवा सिर्जनशील व्यवसायी समेत घोषित भएका थिए ।

संयुक्त राष्ट्रसंघीय सांस्कृतिक निकाय (युनेस्को) ले इटालीको प्रख्यात 'नापोलितान पिज्जा' बनाउने कलालाई विश्वसम्पदा सूचीमा समावेश गरेको छ। जसमा सापकोटाले सञ्चालन गरेको रेष्टुराँ 'फोर्नो दी ओरो' उक्त सूचीमा सूचीकृतसमेत छ । जुन रेष्टुराँमा सुनको जलप लगाइएको चुल्होमा पिज्जा पकाउने गरिन्छ । यस्तै केही महिना अघि मात्रै सापकोटाले तालिमप्राप्त कुकुर, इटालियन ट्रफल सिकारीको सहयोग तथा इभोरा विश्वविद्यालयसँगको सहकार्यमा पोर्चुगलमा पहिलोपटक ब्ल्याक ट्रफल (जमिनमुनि पाइने कालो प्रजातिको ग्रीष्मकालीन च्याउ) फेला पार्न सफल भएका थिए । उनले फेला पारेको उक्त ब्ल्याक ट्रफल पोर्चुगलको इभोरा विश्वविद्यालय, कृषि विज्ञान संस्थान, राष्ट्रिय कृषि तथा पशु चिकित्सा अनुसन्धान संस्थानका अनुसन्धानकर्तासहितको वैज्ञानिकको टोलीले पुष्टि गरेको थियो । सापकोटाले कोरोना कहरमा कोरोनाका कारण रोजगारी गुमाएका तथा समस्यामा परेका राजधानी लिस्बनका १० हजार सूचीकृत न्यून आय भएकाहरुलाई 'एकमहिने निःशुल्क खाना अभियान' सञ्चालन गरेर निःशुल्क खानासमेत खुवाएका थिए ।

# गुल्मी भार्सेका महिलालाई होमस्टे तालिम

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
गुल्मी, २२ माघ

गुल्मीको पर्यटकीय गन्तव्य भार्सेमा महिलाहरुलाई उद्यमी बनाउने उद्देश्यले होमस्टे(घरबास) तालिम दिइएको छ । भार्सेमा ऐतिहासिक, पर्यटन क्षेत्रको विकास, कला संस्कृतिको जगेर्ना साथै महिलामार्फत रोजगारी सिर्जना गर्दै आर्थिक समृद्धि गर्ने उद्देश्यले पर्यटन डिभिजन कार्यालय रुपन्देहीको आयोजनामा 'महिला उद्यम तथा होमस्टे'तालिम सम्पन्न भएको डिभिजन प्रमुख नेत्रप्रसाद भुसालले जानकारी दिए ।

कार्यक्रममा बोल्दै सत्यवती गाउँपालिका गुल्मीका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले वडा नम्बर ८ भार्से ठाउँलाई गुल्मीकै उत्कृष्ट नमुना पर्यटकीय वडा बनाउने उद्देश्य अनुरूप पर्यटन डिभिजन कार्यालय रुपन्देहीले महिला उद्यम तथा होमस्टे तालिम दिएर उत्कृष्ट काम गरेको बताए ।

स्थानीय उत्पादनको बजारीकरणसँगै स्थानीय स्तरमै विशेषगरी महिलाहरूका लागि रोजगारी सिर्जना गर्न तालिमले सघाउ पुग्ने भुसालको भनाइ छ ।

भार्सेको स्थानीय खाना, त्यहाँ आउने पर्यटकहरुलाई सत्कार र घुम्नका लागि सम्पदा क्षेत्र आकर्षण हुने पर्यटन डिभिजन कार्यालयका डिभिजन प्रमुख नेत्रप्रसाद



भुसालले बताए ।

'सो बस्तीबाट थालिएको कार्यक्रम र यसको सिकाइलाई गुल्मीभर विस्तार गर्न सकिन्छ,' उनले भने, 'हामीले अहिले भार्सेबाट तालिम सुरु गरेका छौं । महिलाहरुलाई आत्मनिर्भर बनाउनका लागि घरबास पर्यटनको क्षेत्र एउटा सम्भावना बोकेको कार्यक्रम हो ।' साथै, विभिन्न चुनौतीका बाबजुत पनि आफ्नो कार्यकालमा धेरै ठाउँमा महिलाहरुलाई आत्मनिर्भर बनाउनका लागि यस्ता तालिमको आयोजना गर्ने भुसालले दावी गरे । कार्यक्रममा सत्यवत्ती गाउँपालिका ८ का वडाध्यक्ष होमबहादुर रानाले तालिममा सिकेका सीपलाई व्यवहारमा लागू गरी गाउँमा अतिथि सत्कार गरी ग्रामीण अर्थतन्त्रमा विशेष योगदान दिन आग्रह गरे ।

सत्यवती गाउँकार्यपालिका सदस्य कमला पचभैया काउचा, वडा सदस्य रिता रम्तेल, वडा सचिव विद्या भण्डारी, प्रशिक्षकहरु रमणी डुम्रे, सुरज बास्तोला, मनिषा श्रेष्ठ, थाप्ले क्लबका अध्यक्ष नरु बुढाथोकी लगायतको कार्यक्रममा उपस्थिति रहेको थियो ।

कार्यक्रममा पर्यटन डिभिजन कार्यालयका डिभिजन प्रमुख नेत्र प्रसाद भुसालले तालिममा सैद्धान्तिक भन्दा पनि व्यवहारिक पक्षमा बढी जोड दिने बताए ।

कार्यालयले सार्वजनिक सूचनामार्फत इच्छुक व्यक्तिलाई तालिमका सहभागिताका लागि आवेदन माग गरे बमोजिम पहिलो कार्यक्रम भार्सेमा सञ्चालन गरिएको हो । यसपछि थप दुई जिल्लामा पनि यस्तै तालिम आयोजना हुने तालिम संयोजक एवम् पर्यटन डिभिजन कार्यालय रुपन्देहीका अधिकृत जनकराज खनालले बताए ।

भार्सेको आवश्यकतालाई मध्यनजर गर्दै नरु बुढाथोकी तथा जनकराज खनालको पहलमा भार्सेमा तालिम सुरुवात गरिएको हो ।

कार्यक्रममा सहभागीहरुको तर्फबाट लालकृष्ण रानाले तथा प्रशिक्षकहरुको तर्फबाट सुरज बास्तोलाले तालिमको विषयबस्तुका बारेमा आफ्ना भनाइ राखेका थिए । विशेषगरी बेरोजगार महिलाहरूलाई घरमै केही व्यवसाय संचालन गरी आफैं आत्मनिर्भर बन्नका लागि यस तालिमले सहयोग पुग्ने अपेक्षा राखिएको छ । तालिममा होमस्टे संचालनको प्रकृया, अतिथि सत्कार,स्थानीय परिकारहरूको निर्माण, स्थानीय पर्यटकीय स्थलहरूको प्रवर्द्धन तथा साँस्कृतिक गतिविधिहरूका बारेमा प्रशिक्षण दिइएको थियो ।

# प्रेस चौतारी मोरङद्वारा तीन व्यक्तित्व सम्मानित

**विराटनगर/मस-** प्रेस चौतारी नेपालको २७ औं स्थापना दिवसको अवसरमा प्रेस चौतारी मोरङले तीन जनालाई सम्मान गरेको छ । मंगलबार विराटनगरमा कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीद्वारा उक्त सम्मान वितरण गरिएको हो ।

चौतारी मोरङले स्थापना दिवसका अवसरमा वितरण गर्दै आएको कृष्णप्रसाद सिग्देल यूवा पत्रकारिता पुरस्कार पत्रकार हरिहर नेपाललाई प्रदान गरिएको



छ । पुरस्कारको राशी १५ हजार रुपैयाँ रहेको छ ।

२७ औं स्थापना दिवसको अवसरमा विद्यावारिधि गर्ने प्रेस चौतारी मोरङका संस्थापक सचिव डिल्ली पोखरेल र पूर्व सचिव धर्मराज ढकाललाई सम्मान गरिएको छ । पोखरेलले नेपालको आर्थिक विकासमा कृषि सहकारी संस्थाहरुको भूमिका विषयमा विद्यावारिध(पीएचडी) र ढकालले नेपाली कटन उद्योगहरुमा कार्यरत मजदुरहरुको उत्प्रेरणा र कार्य सम्पादनको अवस्था विषयमा विद्यावारिध (पीएचडी) गरेका छन् ।

## नेपालगंजका सडकपेटी व्यवस्थित हुँदै

**नेपालगंज/मस-**नेपालगंज उपमहानगरपालिकाले नेपालगन्ज-कोहलपुर सडकखण्डअन्तर्गतका सडकपेटी व्यवस्थित गर्न थालेको छ । पहिलो चरणमा मुख्य बजार क्षेत्र गणेशमान चोकदेखि कार काँदोसम्मको सडकपेटी व्यवस्थित गरिन लागिएको हो ।

उक्त सडकखण्डअन्तर्गको पश्चिमतर्फको सडकपेटीमा कंक्रिट ब्लक बिछ्याउन थालिएको नेपालगन्ज उपमहानगरपालिकाले जनाएको छ । जसका लागि उपमहानगरले ५३ भ्याटबाहेक लाख ७६ हजार सात सय २९ रुपैयाँमा ठेक्का दिएको छ ।

माघमा सडकपेटी व्यवस्थित गर्नेसम्झौता भए पनि निर्माण कम्पनीले काममा ढिलासुस्ती गरेको थियो। उपमहानगरले निर्माण कम्पनीलाई चेतावनी दिएपछि अहिले पुनः कामले निरन्तरता पाएको छ।

गणेशमान चोकदेखि कार काँदोसम्म १२ सय मिटर सडकपेटी व्यवस्थित छ। अहिले पश्चिमतर्फको मात्र सडकपेटीमा कंक्रिट ब्लक राख्न थालिएको नेपालगन्ज उपमहानगर पालिकामा इन्जिनियर चन्दनराज दासले जानकारी दिए ।

नेपालगंज पश्चिम नेपालको प्रमुख व्यापारिक केन्द्र भए पनि यहाँका सडकपेटी अतिक्रमणको चपेटामा परेका छन् । जसले गर्दा सर्वसाधारणहरूले सहजै हिँडडुल गर्न समस्या भएको छ ।

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती सुन्दैन त्यो"

भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति २००२/०८/११
स्व. मोहनाथ शर्मा
स्वर्गारोहण २०८१/१०/१०

हाम्रा शुभेच्छुक, ध्रुव शर्मा, भगवान हमाल, धर्म शर्मा, किशोर हमाल, छोरी सावित्री शर्माका पुजनीय पिता तथा मोभिरा ओभरसिज सर्भिस प्रा.लि.का सञ्चालक
**मोहनाथ शर्माको**
यही मिति २०८१ माघ १० गते ७९ वर्षको उमेरमा असामयिक निधन भएको १३औं दिनको पुण्य तिथिमा स्वर्गीय शर्माप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भन्दै भगवान्‌सँग प्रार्थना गर्दछौं ।

सीतादेवी श्रेष्ठ — प्रकाशक
तथा
मदनकुमार श्रेष्ठ — सम्पादक
मध्यान्ह
www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News

**UAE मा रोजगार**
कम्पनी: Aspire Manpower Services LLC | शहर: Dubai
पूर्व स्वीकृत मिति: २०८१/१०/२२ | चलानी नं.: ६०२३२४३७ | L.T. No.: 318206

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 50 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३४,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason (Nepal) | 10 | 0 | | 1200 | ४५,४८० | | | | | | | |
| 3. | SHUTTING CARPENTER | 10 | 0 | | 1200 | ४५,४८० | | | | | | | |
| 4. | Steel Fixer | 10 | 0 | | 1200 | ४५,४८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ३० गते (12 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Connect Global HR Solution Pvt. Ltd.**
Mithila Marg 04, Sukedhara Kathmandu, Nepal, +977-1-5906362, Email contact@connectglobalhr.com, Websit: www.connectglobalhr.com
Licence No. 1642/O80/081

## ठाटीकाँध गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**लकान्द्र, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### लोकसेवा तयारी कक्षा सञ्चालन सम्बन्धी प्राविधिक तथा आर्थिक प्रस्तावना आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/१०/२३)**

यस गाउँपालिकाको आ.व २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत लक्षित वर्गलाई लोक सेवा तयारी कक्षा सञ्चालन गर्ने कार्यक्रम भएकाले लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गर्ने उद्देश्यका साथ दर्ता भई तयारी कक्षा सञ्चालन गरिरहेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको प्रस्ताव यस कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रमका शर्तहरु:**

१. मिति २०८१/१०/२८ गते कार्यालय समय भित्र प्रस्ताव पेश गरिसक्नु पर्नेछ ।
२. आर्थिक प्रस्ताव भ्याट सहित रु. ४,०००००।- (अक्षरुपी रु. चारलाख मात्र) बाट नबढ्ने गरी हुनुपर्नेछ ।
३. यस कार्यालयबाट सिफारिस गरेका विद्यार्थिहरुलाई मात्र पढाउनु पर्नेछ ।
४. आर्थिक प्रस्ताव पेश गर्दा कर सहित वा कर बाहेकको रकम खुलाई पेश गर्नुपर्नेछ ।
५. लोक सेवा आयोगले स्वीकृत गरेको खरिदार र ना.सु (सहायकस्तर चौँथो र सहायकस्तर पाँचौ) को पाठ्यक्रम र मापदण्ड बमोजिम (Course complete) तयारी कक्षा सञ्चालन गर्नुपर्नेछ ।
६. संस्था वा फर्म छनौट गर्दा कबोल रकम सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानूनको परिधिभित्र रही सबैभन्दा कम बोल कबोल गरिएको संस्था छनौट गरिनेछ ।
७. प्राविधिक तथा आर्थिक प्रस्तावमा संस्थाले कार्यक्रम सञ्चालन गरेको अनुभव पत्र समेत पेश गर्नुपर्नेछ ।
८. अध्यापन गराउने विषय विशेषज्ञको आधिकारिक परिचय खुल्ने विवरण (Biodata) सहित पेश गर्नु पर्नेछ ।
9. प्रस्ताव पेश गर्ने गराउने संस्था वा फर्म यस कार्यालयको मौजुदा सूचीमा सूचिकृत भईसकेको हुनुपर्नेछ ।
१०. लोक सेवा तयारी कक्षा अनलान मार्फत सञ्चालन गर्नु पर्नेछ ।
११. तयारी कक्षा सञ्चालन गर्ने संस्थाले कक्षाको रेकर्डेट भिडियो उपलब्ध गराउनु पर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२३ माघ २०८१ बुधबार
5 February 2025, Wednesday

## सम्पादकीय

### अचम्मको अज्ञानता !

अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्पले दोस्रो कार्यकालका निम्ति शपथ लिएसँगै यसको असर विश्वब्यापी रूपमा परेको छ । ट्रम्पले पूर्वघोषणा बमोजिम विश्व स्वास्थ्य संगठनबाट अलग हुने, गैरकानुनी आप्रवासीहरूलाई उसकै देश फर्काउने, विदेशी उत्पादनमा कर बढाउने, जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमबाट अलग हुने, यूएसएआईडी परियोजनाको अनुदान रोक्ने लगायत निर्णय कार्यान्वयनमा लगेका छन् । ट्रम्प प्रशासनको नयाँ निर्णयबाट धेरै प्रभावित हुने देशमा नेपाल पनि परेको छ । गैरकानूनी आप्रवासीलाई स्वदेश फिर्ता गर्ने निर्णयका कारण १३ सय बढी नेपाली संकटमा परेका छन् । उनीहरूलाई स्वदेश फर्काउनेमा ट्रम्प प्रशासन अडिग देखिएको छ । ट्रम्प प्रशासनको दोस्रो ठूलो असर भने अनुदान कार्यक्रम रोक्ने निर्णय देखिन्छ ।

नेपाल सरकारका अधिकारीहरूका अनुसार युएसएआईडी परियोजनाका कार्यक्रमहरू रोक्न परिपत्र भइसकेको छ । कम्तिमा ९० दिन यी कार्यक्रमहरू निलम्बन गर्ने परिपत्र आएको छ । यी परिपत्रका कारणले नेपालमा सञ्चालित झण्डै खर्बको कार्यक्रम अवरूद्ध हुनेछन् । यो परियोजना अन्तर्गत नेपालमा स्वास्थ्य, कृषि, शिक्षा र समावेशीता सम्बन्धी कार्यक्रमहरू चल्दै आएको छ । विशेषगरी कुपोशनविरूद्धको कार्यक्रम प्रभावित हुने देखिन्छ । ट्रम्प प्रशासनको परोक्ष असर अझ धेरै क्षेत्रमा पर्न सक्छ । किनकि ट्रम्प प्रशासनका कारण विश्व अर्थतन्त्रमै ठूलो असर आउने अनुमान गर्न सकिन्छ । क्यानडा, मेक्सिको, चीन लगायत देशहरूको उत्पादनमा चर्को कर लगाउने ट्रम्पको निर्णयका कारण विश्व अर्थतन्त्रमा असर पर्ने खतरा छ । किनकि विश्व शक्ति बनिरहेका देशहरूले अमेरिकालाई जवाफ नफर्काउने कुरै हुँदैन ।

अर्थात आगामी दिन नेपालकै निम्ति पनि संकटपूर्ण छ । किनकि नेपालको भौगोलिक अवस्थिति नै त्यस्तो छ । एकातिर चीन र अर्कातिर भारत छिमेकी रहेकाले ट्रम्प प्रशासनको अर्थनीतिको असर नेपालमा नपर्ने संभावना हुन्न । त्यसैपनि छिमेकी देशका शासकको सनकका कारण नेपालले ठूलै संकटहरू खेप्नु परेको इतिहास ताजा छ । छिमेकी देश र अमेरिका मात्र नभएर विश्वभर हुने उथलपुथलको असर नेपालमा पर्नु स्वभाविक जस्तै बन्न पुगेको छ । किनकि हाम्रो अर्थतन्त्र परदेशप्रति बढी निर्भर हुँदै गइरहेको छ । मध्य पूर्वका देशहरूको युद्धको असर नेपालमा पर्नु त्यसैको उदाहरण हो । तर यति ठूलो संकटतर्फ हाम्रा नेतृत्वको ध्यान गएको देखिदैन । शीर्ष नेताहरूको ध्यान सत्तामा मात्र केन्द्रीत हुँदा एउटा चुनाव नसकिदै अर्को चुनाव जित्ने रणनीति दलहरू दखिन्छन् ।

# नेपालमा रियल स्टेटको अवस्था र सम्भावना

*यदि सरकार रियल स्टेट क्षेत्रलाई व्यवस्थित र पारदर्शी बनाउन सक्षम भयो भने यो क्षेत्र नेपालको आर्थिक वृद्धिको एउटा महत्वपूर्ण आधार बन्न सक्छ ।*

अग्रलेख



● शंकरमान सिंह

खासगरी कोरोनापछि रियल स्टेट क्षेत्रमा संकुचन आउँदा समग्र अर्थतन्त्र नै चलायमान हुन सकेन भन्ने तर्क आइरहेका बेला सरकारले घरजग्गा व्यवसायीलाई राहत दिने गरी कानुन संशोधन गरेको छ । हदबन्दीभन्दा बढीको जग्गा बिक्री गर्न नपाइने यसअघिको प्रावधानलाई नै सरकारले फेरेको देखिन्छ । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जारी गरेको भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमा घरजग्गा व्यवसायीहरूले हदबन्दीभन्दा बढीको जग्गा स्वीकृत लिएर घडेरीका रूपमा विकास गरी बिक्री गर्न पाउने उल्लेख छ । तर, यसरी स्वीकृति लिँदा घरजग्गा व्यवसायीहरूले कति मितिसम्म घर घडेरीका रूपमा विकसित गर्ने हो, त्यो पनि स्पष्ट खुलाउनुपर्नेछ भने त्यसरी प्राप्त मितिभित्र विकसित गरी बिक्री गरिसक्नुपर्ने कुरा उल्लेख छ । सार्वजनिक प्रयोजनका लागि छुट्टाइएको जग्गा भने धितो बन्धक राख्न र बिक्री गर्न नपाइने अध्यादेशमा उल्लेख छ । यसरी कानुनमा संशोधन भएसँगै दर्जन बढी रियल स्टेट कम्पनीले किनेर राखेको १ हजार रोपनीभन्दा बढी जग्गालाई घर तथा घडेरीमा विकास गरी बिक्री गर्ने बाटो खुलेको छ ।



कानुनी व्यवस्थाका कारण रियल स्टेट कम्पनीसहित विभिन्न उद्योग तथा प्रतिष्ठानसमेत प्रभावित थिए । विगतमा केन्द्रीय बैंकहरूले मुद्रास्फीतिलाई नियन्त्रण गर्न इन्जिनियरिङ गरी रहेको ब्याजदरमा भएको वृद्धिले समग्र आवास क्षेत्र र अर्थतन्त्रलाई कसरी असर गर्छ भन्ने कुरा पत्ता लगाउने चुनौती सामना गर्नुपरेको थियो । यो कुनै सजिलो काम थिएन । मौद्रिक नीतिको क्षमतालाई असर गर्ने अन्य कारकहरूमा घरधनी ऋणको हद, आपूर्ति प्रतिबन्धको सीमा र घरको मूल्य वृद्धि र सम्भावित अति मूल्यांनको सीमा समावेश छ । जुन मापन गर्न निकै गाह्रो हुन सक्छ । मौद्रिक नीति क्यालिब्रेट गर्न आवास र आवास बजारहरूको गहिरो बुझाइ आवश्यक छ । खाना, लत्ताकपडा र बास मानव जातिको आधारभूत आवश्यकता मानिन्छ ।

वास्तवमा, १९४८ मानव अधिकारको विश्वव्यापी घोषणा र त्यस्ता अन्य अन्तर्राष्ट्रिय सन्धिहरूले पर्याप्त आवासको अधिकारलाई मान्यता दिएका छन् । यो तथ्यको बाबजुद आवास एक व्यापक समस्या हो, जसले विश्वको प्रमुख अर्थतन्त्रहरू मध्ये धेरैलाई असर गर्छ । धेरै राष्ट्रिय र स्थानीय चुनावी दौडहरूमा आवास एक प्रमुख मुद्दाको रूपमा देखा परेको छ भने अचम्मको कुरा मान्नु पर्दैन । नेपालको सन्दर्भमा झन् यो त चुनावी मुद्दा नै हुने गरेको विगत छ र यसैको आधारमा कतिले चुनाव जितेका छन् ।

सन् २००८-०९ को विश्वव्यापी वित्तीय संकट आवासीय बबलको पतनको बिचमा आयो, जुन थोरैले देखेका थिए । आर्थिक स्थायित्व र मौद्रिक नीति प्रसारणमा भएका प्रभावहरूका लागि बढ्दो ध्यानाकर्षण भए तापनि आज, आवासीय बबलहरू कमजोर रूपमा बुझिएका छन् । सम्पत्ति मूल्य निर्धारण मोडेलहरूले मूल्यहरू वर्तमान रिटर्न र भविष्यमा अपेक्षित पुनर्विक्रय मूल्यहरूद्वारा प्रभावित हुन्छन् भनी देखाउँछन् । त्यसैगरी, स्टक बजारको अस्थिरताले लगानीकर्ताहरूलाई रियल स्टेटमा सुरक्षित वा उच्च प्रतिफल खोज्न प्रेरित गर्छ, यद्यपि मूल्य बढाउँदै । बढ्दो मूल्यहरूले उच्च प्रतिफलको अपेक्षालाई प्रमाणित गरेको देखिन्छ, जसले लगानीकर्ताहरूलाई पहिलो स्थानमा आकर्षित गरेको छ । कहिलेकाहीँ लामो अवधिको लागि प्रभावहरू कायम राख्छ ।

> नेपालमा रियल स्टेटको अवस्था पछिल्ला वर्षहरूमा निकै परिवर्तनशील रहेको छ । बैंक तथा वित्तीय संस्थाको कर्जा नीतिहरू, सरकारी नीतिगत परिवर्तनहरू, शहरीकरणको दर र अर्थतन्त्रको समग्र अवस्थाले रियल स्टेट बजारलाई प्रत्यक्ष रूपमा असर पुऱ्याउने गरेका छन् ।

आपराधिक सञ्जालहरू, भ्रष्ट राजनीतिज्ञहरू र कर छली गर्नेहरूले विश्वव्यापी रियल स्टेटलाई अवैध सम्पत्ति पार्क गर्न सुरक्षित स्थानको रूपमा प्रयोग गर्छन् । न्यूयोर्क, मियामी, लन्डन र दुबई जस्ता सहरहरूमा सम्पत्तिको मूल्य त्यस्ताबाटै बढ्छन् । लक्जरी सम्पत्तिहरूमार्फत अरबौं फनेल गरेर, यी गोप्य खरीदारहरूले स्थानीय खरीदारहरूलाई बजारबाट बाहिर धकेल्ने आवास बबलहरूमा योगदान गर्छन् । नेपालमा गत आर्थिक वर्ष २०८०/८१ मा घरजग्गा कारोबार सुधार भए पनि तुलनात्मक रूपमा न्यून मूल्य भएको क्षेत्रमा कारोबार वृद्धि हुँदा राजस्व भने खासै बढ्न सकेको थिएन । सरकारले घरजग्गा कारोबारमा शिथिलता देखिएको र समग्र अर्थतन्त्रमै त्यसको प्रभावले आर्थिक गतिविधि संकुचन भएको भन्दै भदौ २०८० मा भू-उपयोग नियमावली २०७९ मा पहिलो संशोधन गरेको थियो । जेठ २०७९ मा आएको भू-उपभोग नियमावली १५ महिनामै संशोधन गरे पनि त्यसले घरजग्गा कारोबारको शिथिलतालाई ठूलो राहत दिन भने नसकेको विगत छ ।

यता, नेपाल राष्ट्र बैंकले घरजग्गा कारोबार सहज बनाउने भन्दै चालु आर्थिक वर्षको मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा मार्फत ५० लाखसम्मको आवासीय घर कर्जाको कर्जा आम्दानी अनुपात बढाएको थियो । त्यसमा परिमार्जन गर्दै मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत कर चुक्ता प्रमाणपत्रका आधारमा घरजग्गा खरिदका लागि सबै कर्जामा कर्जा आम्दानी अनुपात बढाएर ७० प्रतिशत पुऱ्याएको थियो ।

आवास भनेको लामो समयसम्म चल्ने प्रमुख खरिद र लगानी हो । अधिकांश मानिसहरूका लागि जीवनको सबैभन्दा ठूलो पुँजी पनि यही हो । सँगै, यो बाध्यकारी जस्तो पनि छ । जसलाई कानुनी हिसाबले सहज बनाउनु अहिलेको आवश्यकता हो । यद्यपि, अहिले घरजग्गामा निकै ठूलो अस्वस्थताको अवस्था छ । कानूनी उल्झनका कारण मानिसहरु समस्यामा परिरहेका छन् । अहिले घर जग्गा क्षेत्र व्यवस्थित नहुँदा यसको दरभाउ पनि व्यवस्थित छैन ।

नेपालमा रियल स्टेटको अवस्था पछिल्ला वर्षहरूमा निकै परिवर्तनशील रहेको छ । बैंक तथा वित्तीय संस्थाको कर्जा नीतिहरू, सरकारी नीतिगत परिवर्तनहरू, शहरीकरणको दर र अर्थतन्त्रको समग्र अवस्थाले रियल स्टेट बजारलाई प्रत्यक्ष रूपमा असर पुऱ्याउने गरेका छन् । पछिल्लो समय ब्याजदर वृद्धिको कारण रियल स्टेटमा लगानी केही घटेको देखिएको छ, तर दीर्घकालीन रूपमा यो क्षेत्र अझै पनि आकर्षक देखिन्छ ।

यो क्षेत्रलाई कर प्रणाली, लालपूर्जा व्यवस्थापन र अव्यवस्थित बसोबाससम्बन्धी नीतिहरूले बजारमा प्रभाव पार्ने गर्छ । वैदेशिक रोजगारीबाट आएको रेमिट्यान्सको ठूलो हिस्सा जग्गा तथा घरजग्गा क्षेत्रमा लगानी गरिन्छ, जसले बजारमा माग बढाउने गर्छ । यदि सरकार रियल स्टेट क्षेत्रलाई व्यवस्थित र पारदर्शी बनाउन सक्षम भयो भने यो क्षेत्र नेपालको आर्थिक वृद्धिको एउटा महत्वपूर्ण आधार बन्न सक्छ । हालको अवस्थामा रियल स्टेट क्षेत्रमा केही चुनौतीहरू देखिए पनि यो अझै पनि नेपालमा लोकप्रिय लगानी क्षेत्रमध्ये एक हो । दीर्घकालीन रूपमा, योजनाबद्ध विकास, उचित नीतिगत हस्तक्षेप र स्थिर वित्तीय वातावरणले यस क्षेत्रलाई अझ व्यवस्थित र समृद्ध बनाउन सक्छ ।

## इतिहासमा आज

४ फेब्रुअरी १९४८ मा 'सिलोन' जसलाई अहिले श्रीलंका भनिन्छ, जुन बेलायतबाट स्वतन्त्रता प्राप्त गरेको थियो ।



४ फेब्रुअरी १९९२ मा ह्युगो चाभेजले भेनेजुएलाका राष्ट्रपति कार्लोस एन्ड्रेस पेरेजविरूद्ध विद्रोहको सुरूवात गरेका थिए । जुन विद्रोह असफल बनेको थियो ।



४ फेब्रुअरी २०१४ मा सत्य नाडेलालाई माइक्रोसफ्टको सीईओको रूपमा नियुक्त गरिएको थियो ।





४ फेब्रुअरी २००४ मा सबैभन्दा लोकप्रिय सामाजिक सञ्जाल प्लेटफर्महरू मध्ये एक, फेसबुकको सुरूवात भएको थियो । मार्क जुकरबर्ग र एडुआर्डो साभरिनद्वारा फेसबुकलाई प्रयोगमा ल्याइएको थियो ।



# सुशासन कसरी पाउने ?

विचार



● ईश्वरी पोखरेल

> राज्य शासन र व्यवस्थापन प्रणालीमा सुशासनको अवधारणा लागू गर्न र कार्यान्वयन हुन सकेमा 'चोरलाई चौतारी र साधुलाई सुली'को विकृति हट्ने छ । विज्ञता हासिल हुने र नैतिक, अनुशासित र आचरणको विकासमा टेवा पुगी जुनसुकै क्षेत्र कब्जा गर्ने अहिलेको बेथिति अन्त्य हुने छ ।

यदि नेपाल सरकार साँच्चै जनमुखी छ र बिचौलिया प्रवृत्तिबाट अन्त चाहन्छ र राज्यका निकाय तथा संयन्त्रबाट अविलम्ब आमूल रूपान्तरण चाहन्छ भने निर्मम ढंगले केही कदमहरु चालिनुपर्छ । अन्यथा देशको निरीह नागरिक बनेर पिडा भोगिरहनुको विकल्प छैन । मूलतः शिक्षा र स्वास्थ्यमा भइरहेको अस्वस्थ प्रतिस्पर्धा तथा निकृष्टतम् व्यापारिकरणको अन्त अनिवार्य सर्त हो ।

आधारभूत तह कम्तिमा कक्षा ८ सम्मको शिक्षामा एकता र समानता तथा आधारभूत स्वास्थ्यको सुनिश्चितता हुनुपर्छ । सार्वजनिक सेवा, शिक्षा, स्वास्थ्य, निजामती, सार्वजनिक संस्थानलगायत क्षेत्रमा मौलाएको राजनीतिक दलीयताको अन्त गरिनुपर्छ । सुशासनलाई कायम गर्न बाधक रहेका विद्यार्थी, शिक्षक, प्राध्यापक, कर्मचारी ट्रेड युनियनहरूको पुनरावलोकन तथा प्राविधिक तथा प्राज्ञिक अभ्यासलाई मात्र सहयोगी भूमिकामा रहने र ट्रेड युनियन अधिकारको अविलम्ब अन्त गरिनुपर्छ । पेसागत नैतिकता, आचरण तथा जनताप्रतिको उत्तरदायित्वलाई पछाडि पार्दै सबै प्रकृतिको विकृति तथा भ्रष्टाचारको मुहान बनेको राजनीतिक दलीय भ्रातृ संगठनका संस्थाहरूको अबिलम्ब खारेजी गरिनुपर्छ ।

राज्यको साधनस्रोत र सञ्चित कोषका हर्ताकर्ता तथा शासन प्रशासनको अभिलेख सुरक्षा र संरक्षण गर्ने सरकारी निजामती सेवामा कार्यरत २०४८ सालपछिका दलीय ट्रेड युनियनवादी निजामती सेवाका नेताहरू तथा निजामती आधिकारिक ट्रेड युनियनका पदाधिकारीहरूको चल, अचल सम्पत्तिको छानविन हुनुपर्छ । सार्वजनिक सेवा र पदमा रहेका सरकारी कोषबाट तलबभत्ता बुझ्नेहरूको वार्षिक सम्पत्ति विवरणको कम्तिमा १० प्रतिशतको 'रेनडम्ली' छानबिन र यथोचित कारबाही गर्ने प्रणाली विकास हुनुपर्छ । सार्वजनिक सेवामा प्रदान हुने वृत्ति विकास, पदोन्नति, जिम्मेवारी प्राप्तिका आधार, पुरस्कार तथा दण्डका मापदण्ड विकास र कार्यान्वयन हुनुपर्छ ।

निजामती सेवा ऐनमा सर्वप्रथम देहायका सेवा समूह निर्माण र कार्यक्षेत्र तथा विज्ञताको स्पष्ट निर्धारण गरिनुपर्छ । नेपाल संवैधानिक सेवा जसअन्तर्गत रहने समूह, उपसमूह-राष्ट्रपति, उपराष्ट्रपति, संसद, लोक सेवा, महालेखा, अख्तियार दुरूपयोग अनुसन्धान, मानव अधिकार, प्राकृतिक स्रोत तथा वित्त, अन्य संवैधानिक आयोगहरूलाई चुस्त दुरुस्त पारिनुपर्छ । कार्यपालिका सेवा जसअन्तर्गत रहने समूह, उपसमूह- नेपाल निजामती सेवा ऐनमा उल्लेख भएका र संवैधानिक सेवा समूह, उपसमूहमा नपर्ने सबै सेवा समूह, उपसमूहहरूलाई व्यवस्थित गरिनुपर्छ ।

न्यायप्रशासन तथा अदालत सेवा जसअन्तर्गत रहने समूह, उपसमूह- न्याय प्रशासन, अदालत, महान्यायाधिवक्ता तथा न्यायाधिकरण जस्ता सबै सेवा समूह, उपसमूहहरूलाई जिम्मेवार बनाउने गरी विधिको व्यवस्था गरिनुपर्छ ।

कार्यान्वयन कर्मचारीका रूपमा शाखा अधिकृत तथा उपसचिवसम्मको पद उपसमूह, नीतिगत व्यवस्था र निर्णय गर्ने सहसचिवको पद समूह र विशिष्ट तहको सचिव पद सेवा अनुसारको निर्धारण हुने गरी मात्र सरूवा, बढुवा, जिम्मेवारी र पद अनुरूपको जवाफदेहिता ऐनमा स्पष्ट तोकिनुपर्छ । सेवा, समूह तथा उपसमूहअनुसार कुन कुन सेवा, समूह तथा उपसमूहको विषय क्षेत्रको नेतृत्व कसले गर्ने ? संगठनका पद अनुसारको काम, कर्तव्य तथा अधिकार र जवाफदेहिता के के हुने ? सबै तोकेर संगठन संरचना र आपसी समन्वय र जिम्मेवारी तोक्ने परिपाटी कायम हुनुपर्छ ।

जुनसुकै सेवाका सेवा तहका पदाधिकारी तथा समूह, उपसमूहका अधिकारीहरूलाई न्यूनतम दुई वर्ष र अधिकतम चार वर्षमा निकायगत अन्य शाखा, कार्यालय, दुर्गम र सुगम जिल्ला, प्रदेश तथा केन्द्रमा जिम्मेवारी सर्ने गरी कुल जनशक्तिको २५ प्रतिशत कर्मचारीहरूको प्रत्येक वर्ष चक्रिय सरूवा हुने प्रणालीको सुनिश्चितता गरिनुपर्छ । राष्ट्रिय जनशक्ति विकास नीति-२०८०, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प्रारम्भिक मस्यौदा अनुरूप देशको जनशक्ति उत्पादन, विकास र प्रयोग हुने वातावरण कानूनबाट सुनिश्चित गरिनुपर्छ ।

राज्य शासन र व्यवस्थापन प्रणालीमा माथिको व्यवस्था लागू गर्न र कार्यान्वयन हुन सकेमा 'चोरलाई चौतारी र साधुलाई सुली'को विकृति हट्ने छ । विज्ञता हासिल हुने र नैतिक, अनुशासित र आचरणको विकासमा टेवा पुगी जुनसुकै क्षेत्र कब्जा गर्ने अहिलेको बेथिति अन्त्य हुने छ ।

मुलुक रूपान्तरणका लागि नेपाल सरकारका अङ्ग प्रत्यङ्गका जिम्मेवार मन्त्रालय, निकाय तथा तिनका पदाधिकारी र मुलुकका जिम्मेवार राजनीतिक दलका नेताहरूबाट (नेपालको प्रशासन, व्यवस्थापन र कार्यान्वयन अनुभूति -२०८०)को प्रतिवेदन संघीय निजामती सेवा ऐन निर्माणका क्रममा अध्ययन, विश्लेषण र समीक्षा भएर सम्बोधन हुन सकेमा मात्र मुलुकमा सुशासन आउन सक्छ । अन्यथा, देशको भविष्य कस्तो रहला भन्न सकिन्न ।

## सामाजिक सञ्जाल



**सरोज पोखरेल**

यो वर्षको पहिलो ६ महिनामा बिप्रेषण (रेमिट्यान्स) ४.१ प्रतिशतले बढेर लगभग साढे ७ खर्बभन्दा माथि पुगेको छ । तर, व्यापार घाटा भरमार भएको हाम्रो जस्तो देशमा पैसा जसरी भित्रिन्छ, त्यसरी नै बाहिरिन्छ पनि । तसर्थ, यसले अर्थतन्त्र चलायमान गराए पनि देशको जिडिपीमा खासै योगदान गर्दैन ।




**डम्बर खतिवडा**

कतिपय मान्छेका सदाबहार गनगन छन्- विचार त ठिक थियो, कम्युनिस्ट पार्टी र नेता 'लास्टै' बिग्रे । धन्यवाद दिनुस् कि ती बिग्रे नत्र हालत उत्तर कोरिया जस्तो हुन सक्थ्यो । तपाईं हामीजस्ता कि मारिन्थ्यौ कि जेलमा हुन्थ्यौ । यति त बुझौँ-सप्रेका कम्युनिस्टभन्दा बिग्रेका कम्युनिस्ट कम हानिकारक हुन्छन् ।



**वसन्त घिमिरे**

मनकामनादेखि पाथीभरासम्म आइपुग्दा, धार्मिक क्षेत्र तथा पैदल पर्यटनमा दक्खल पुऱ्याउने स्थानमा बनाइएका वा बनाउन लागिएको केबलकार स्थानीय जनतालाई शिरोपर गर्ने हो भने कदापि स्थानीयको हितमा छैन । पूरै स्थानीयको रोजीरोटी खोसेर सीमित समूह र दलका नेतालाई मात्र लाभ पुग्ने यस्ता विकासे चटकले बन्द गरौँ । विकल्प सोचौँ ।



**कमल रिजाल**

आशा निराशाका कुराभन्दा पनि देश कसरी चल्दै छ भन्ने जिज्ञासा हो । साथै, गन्तव्यहीन अहिले जसरी चलेको छ, यही पाराले त के होला र ! नबिर्सनुहोस् अहिले दुई प्रमुख पार्टीहरूको सरकार छ । हुँदैन, अब हुन्छ भन्ने भाषणले मात्र हुने वाला केही छैन । हालसम्म उल्लेख्य उपलब्धि देखा परेको छैन ।

# मोना कतारको १२औं साधारणसभाको तयारी अन्तिम चरणमा

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २२ माघ

कतारमा रहेका म्याग्देलीहरुको साझा संस्था म्याग्दी प्रवासी नेपाली संघ(मोना)कतारले अधिवेशनको घोषणासहित तयारीलाई तीव्रता दिएको छ। यही फेब्रुअरी ७ तारिकका दिन हुने '१२ औं साधारण सभा, २२ औं वार्षिकोत्सव तथा विविध सांस्कृतिक कार्यक्रम-२०२५' लाई भव्य रुपमा सम्पन्न गर्ने तयारी तीव्र पारिएको हो। फूलबारी रेस्टुरेन्ट सनैया ३३ नम्बर (कान्तिपुर हस्पिटल बिल्डिङ) मा बिहान साढे ११ बजेबाट सुरु हुने अधिवेशनमा नेपाली पञ्चेबाजासहित कतारमै रहेका कलाकारहरू यामुना पटेल, सुधा परियार, बाबु कौसल, रेष्मी सेन्चुरी र अनिता परियारले सांगीतिक प्रस्तुति दिने भएका छन्।

अधिवेशनलाई सम्बोधन गर्न म्याग्दी प्रवासी नेपाली




संघका संस्थापक अध्यक्ष तथा हङकङका लागि नेपाल सरकारका तर्फबाट पर्यटन प्रवर्द्धनदूत समेत रहेका प्रकाश पुन आउने भएका छन्।

म्याग्दीको गौरवको रूपमा रहेको थालीनाच साधरणसभाको आकर्षण बन्ने र कतारमा रहेका सबै म्याग्देलीको उपस्थितिको अपेक्षासहित सार्वजनिक रूपमा निमन्त्रणा गरिसकिएको मोना कतारका अध्यक्ष राजु पौडेलले बताए। उनले म्याग्दी भने बित्तिकै बृहत् उपस्थिति र सानदार कार्यक्रमको परिचय बनेको हुँदा साधारण सभा पनि भव्य बन्नेमा मोना कतार आशावादी रहेको बताए। मोनाले कतारसहित जिल्लामा समेत अग्रस्थानमा रहेर कार्य सम्पादन गर्दै आइरहेको छ। साधारणसभालाई लक्षित गर्दै मोनाले गत वर्षको डिसेम्बर देखिनै साधारण सदस्यता र आजीवन सदस्यता पनि खुल्ला गरेको छ। कतारमा विभिन्न व्यवसायिक कार्यक्रम गर्दै आर्जन भएको रकमबाट म्याग्दी जिल्लाको सदरमुकाममा मोना कतार बहुउद्देश्यीय अक्षयकोष समेत स्थापना गरी सञ्चालन गरिरहेको छ।

"कृषि, पर्यटन र पूर्वाधारको दीगोपन : समृद्ध, सुसंस्कृत शहिद लखन"

## शहिद लखन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**घैरुङ्, गोरखा**
**२०७३**
**गण्डकी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८१/१०/२३)**

यस कार्यालयबाट मिति २०८१/०८/१३ गतेको EGP/E-Bidding मार्फत तथा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको विवरण | बोलपत्रदाताहरुको नाम र ठेगाना | कबोल रकम (मु.अ कर बाहेक र PS सहित) |
|---|---|---|---|
| SLRM/GO/NCB/W/SWM/081/82/11 | Construction of Infrastructure works for Manakamana Solid Waste Management System | Golden Nirman Sewa and Suppliers Pvt. Ltd, Kathmandu Metropolitan City-14, Kathmandu | 2,06,30,757.70 |

**प्रमुख प्रशासकीय अधिकृत**

Karnali Province Government
## Ministry of Social Development
## Education Development Directorate
## Social Development Office, Kalikot

## Invitation for Bids

**Invitation for Bids No: SDO/KKT/W/NCB/09-12/2081/082**
**Date of First Publication: 2081/10/23 (2025/02/05 AD)**

1. Social Development Office, Kalikot invites Open Competitive Bidding from the eligible bidders for the construction works given in table below under National Competitive Bidding Procedures. Single Stage Single Envelope Bidding Procedures.

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount, NRs with VAT & PS | Bid Security Amount (NRs) | Bid Validity/Bid Security Period/ Bid Document fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | SDO/KKT/W/NCB/09/2081/082 | School Building Work at Shree Dahal Ma.Vi Shubhakalika Rural Municipality, 05 Kalikot | 48,30,487.79 | 1,35,000.00 | 90 days/120 days/NRS 3000.00 |
| 2 | SDO/KKT/W/NCB/10/2081/082 | School Building work at Shree Dafe Janata Basic School Mahabai Rural Municipality-3 Kalikot | 48,30,603.62 | 1,35,000.00 | |
| 3 | SDO/KKT/W/NCB/11/2081/082 | School playground work at Shree Janajyoti Ma.Vi.Khandachakra Municipality, 09 Kalikot | 48,31,411.50 | 1,35,000.00 | |
| 4 | SDO/KKT/W/NCB/12/2081/082 | School Playground Work at Shree Kalika Ma.Vi. Tilagupha Municipality-07, Kalikot | 48,30,650.99 | 1,35,000.00 | |

2. Eligible Bidders may refer complete set of Bid document for further information at Social Development Office (SDO), Manma, Kalikot. Telephone No. 087-440371 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
3. Electronic bids must be submitted to Social Development Office Kalikot through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Noon. On 2081/11/23) March 07-2025)
4. Information to direct deposit the cost of bidding bid security fee in bank Rastriya Banijya Bank Ltd. Manma Kalikot. Antarik Rajaswo Khata: 14229 (Bid Fee) Dharauti Khata: : 4120100202030000 (Bid Security Fee)

**Social Development Officer**

## नबिल बैंक लिमिटेड, सानेपा शाखा, ललितपुरको,तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/१०/२३)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**१**

**ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूति तथा उपभोक्ता संरक्षण विभाग (वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा)मा मिति २०७६/०७/२४ मा दर्ता नं. १५२०१७/०७६/७७ अन्तर्गत दर्ता भएको **एच डि कुँवर ट्रेडिङ हाउस।**
ठेगानाः काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ०८।
**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरणः**
रणविरे कुंवरको नाति हर्क कुंवरको छोरा, अछाम जिल्ला बान्जा न.पा. वडा नं. ०२ स्थायी ठेगाना भइ हाल काठमाडौं जिल्ला मुलपानी न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ६९१०१५/१६२५३ (जारी मितिः २०६७/०५/०७ स्थान अछाम) भएका **पुरन बहादुर कुंवर।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

शिवु थापाकी छोरी, हर्क कुंवरकी बुहारी, पुरन वहादुर कुवरकी श्रीमती, मोरङ जिल्ला बबियाबिर्ता गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भइ हाल काठमाडौं जिल्ला मुलपानी न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं.०५-०२-७१-०२७१८ (जारी मितिः २०७१-१२-१८, स्थान मोरङ्ग) भएकी **निता थापा।**

**धितोको विवरण**

मोरङ जिल्ला बबियाबिर्ता गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भइ हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ०६ बस्ने, **निता थापा** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका काठमाडौं जिल्ला मुलपानी न.पा. वडा नं.०८, नक्सा सिट नं. ८ग मा अवस्थित कि.नं. ४०० र ६८ को क्षेत्रफल क्रमश ०-१-०-० र ०-२-१-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**२**

**ऋणीको नाम र ठेगानाको विवरण**

रणविरे कुंवरको नाति हर्क कुंवरको छोरा, अछाम जिल्ला बान्जा न.पा. वडा नं. ०२ स्थायी ठेगाना भइ हाल काठमाडौं जिल्ला मुलपानी न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ६९१०१५/१६२५३ (जारी मितिः २०६७/०५/०७ स्थान अछाम) भएका **पुरन बहादुर कुंवर।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

शिवु थापाकी छोरी, हर्क कुंवरकी बुहारी, पुरन वहादुर कुवरकी श्रीमती, मोरङ जिल्ला बबियाबिर्ता गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भइ हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं.०५-०२-७१-०२७१८ (जारी मितिः २०७१-१२-१८, स्थान मोरङ्ग) भएकी **निता थापा।**

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

**युएईमा रोजगार** | कम्पनीः HAIFA REHOBOTH BUILDING CONTRACTING L.L.C | शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/२२ | चलानी नं.: ६०२३२४३२ | L.T. No.: 318143

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४९,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 3 | 0 | | 1300 | ४९,२७० | | | | | | | |
| 3. | Electrician. | 2 | 0 | | 1300 | ४९,२७० | | | | | | | |

कम्पनीः HAIFA REHOBOTH BUILDING CONTRACTING L.L.C | शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/२२ | चलानी नं.: ६०२३२४३३ | L.T. No.: 318144

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४९,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 3 | 0 | | 1300 | ४९,२७० | | | | | | | |
| 3. | Electrician. | 2 | 0 | | 1300 | ४९,२७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ माघ ३० गते (12 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

ADVANCED MANAGEMENT CONSULTANTS — एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Govt. License No.: 1470/074/075
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801021737, 9801080059, 9801044492, 9817002440, 9801080096

**Kuwait मा रोजगार** AL ALHEA CIRCLE CLEANING COMPANY
पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/८/१० | चलानी नं. ६०२२८६२७ | LT# 314227

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Indoor Cleaners | 70 | 8 | [illegible] | 85 | ३७,०००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८१ माघ ३० र फागुन १ गते (12 & 13 Feb., 2025) यस प्रा. लि. को कार्यालय तिनकुने काठमाडौंमा र २०८१ फागुन २ र ३ गते (14 & 15 Feb., 2025) इटहरी र विर्तामोडमा हुनेछ।

बैभव ओभरसिज प्रा. लि.
श्रम इजाजत नं.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९८२३२५४८७७, ९७४५९४२०८७, E-mail : baibhav.ovs@gmail.com

**साउदीमा रोजगार** कम्पनीः AL-HUGAYET GENERAL CONTRACTING CO. | शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/१०/२२ | चलानी नं.: ६०२३२४३६ | LT. No.: 318201

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३७,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ३० गते (12 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

AASTHA CONSULTING PVT.LTD
साबिक (Elite Human Resource Pvt. Ltd.)
श्रम इजाजत पत्र नं. १०१२/०६८/०६९
G.P.O. Box: 3451, Gongabu town planning, Kathmandu-29, Nepal. Tel: +977-1-4987995, 4989849
Mob.: 9803031722, 9851088873, 9808875634, 9801188873, 9851072628
Email: aasthaconsultingnepal@gmail.com, www.asthaconsulting.com.np

**कुवेतमा रोजगार** कम्पनीः BAITAK GROUP FOR CONSTRUCTION MATERIALS | शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१०/२२ | चलानी नं.: ६०२३२४३८ | LT. No.: 318213

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 150 | ६७,५६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः MAHASHI STATION FOR SWEET AND PASTRIES | शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/१०/२२ | चलानी नं.: ६०२३२४३५ | LT. No.: 318214

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Assistant General | 2 | 1 | सम्बन्धित काममा दक्ष | 140 | ६३,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiteresses | 0 | 1 | | 130 | ५८,५६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ३० गते (12 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451 | 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

**SAUDI मा रोजगार** कम्पनीः SACEP AND CONSTRUCT | शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/१०/२० | चलानी नं.: ६०२३२२१४ | L.T. No.: 317967

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 9 | 0 | स. काममा दक्ष | 1000 | ३७,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः HUMAN RESOURCES BUSINESS SUPPORT CO. | शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/१०/२२ | चलानी नं.: ६०२३२४३१ | L.T. No.: 318200

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Labour/Helper | 7 | 0 | स. काममा दक्ष | 1000 | ३७,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ३० गते (12 February 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Miracle Employment Service (P.) Ltd
श्रम इजाजत पत्र नं.: ७१५/०६४/०६५
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal, Tel.: 01- 4416930, 4415239, Email: miraclems@wlink.com.np

# रौतहटमा एचपीभी खोप अभियान सुरु

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, २२ माघ



रौतहट गौर नगरपालिकामा रहेको स्वास्थ्य कार्यालय गौरको सभा हलमा एच.पि.भि खोप अभियान विधिवत रुपमा सुरु गरिएको छ।

जिल्ला स्तरीय खोप समन्वय समितिका सभापति रामअयोध्या राय यादवले मंगलबार एच.पि.भी खोप अभियानको उद्घाटन गरी ९ जना छात्रालाई खोप लगाइ कार्यक्रमको विधिवत् रुपमा शुभारम्भ गरिएको हो। कार्यक्रममा स्वास्थ्य कार्यालय रौतहट गौरका कार्यालय प्रमुख राजेश कुमार सिंहले खोपको लक्ष्य, उद्देश्य, उपलब्धी, अवस्थाबारे जानकारी गराएका थिए। उनले पाठेघरको मुखको क्यान्सर निवारण, रणनीति, एच.पि.भि.खोप अभियानको औचित्य र सञ्चालन प्रक्रियाबारे खोप समन्वय समिति संचार क्षेत्र र सरोकारवालाहरुको भूमिका र जिम्मेवारीबारे उनले बताए।

आगामी फागुन ६ गतेसम्म संचालन हुने खोप अभियानमा ४९ हजार २ सय ६९ छात्रा र किशोरीहरुलाई खोप दिने लक्ष्य राखिएको स्वास्थ्य कार्यालय गौरका कार्यालय प्रमुख सिंहले बताए।

यो लक्ष्यमा १०० प्रतिशत अनिवार्य खोप लगाउनुपर्ने उनको भनाइ छ। औसतमा प्रत्येक दिन ४ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरबाट मृत्य हुने गरेको भन्ने अनुमान गरिएकोले १० वर्षदेखि १४ वर्ष मुनिका किशोरीहरु कोही पनि नछुटाउन नहुनेमा उनले जोड दिए।

कार्यक्रममा जिल्ला खोप अभियानका अध्यक्ष तथा जिल्ला समन्वय समिति रौतहट गौरका सभापति रामअयोध्या राय यादव, जिल्ला समन्वय समितिका उपसभापति महेश बैठा, राष्ट्रिय अनुसन्धान कार्यालयका अभिनय कुमार सिंह, जिल्ला कार्यालय रौतहट प्रहरी उपरीक्षक दिलिप घिमिरे, रेडक्रस सोसाइटी जिल्ला शाखाका अध्यक्ष राजकिशोर प्रसाद यादव लगायतको उपस्थिति रहेको थियो।


## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, विर्तामोड शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८१/१०/२३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पुर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| | |
|---|---|
| **ऋणीको नाम र ठेगाना** : | |
| १. | नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपूरेश्वर, काठमाण्डौबाट दर्ता नं. २२१०६८/०७६/०७७ कायम भई मिति २०७६/०४/२६ मा दर्ता भएको ईलाम जिल्ला, सुर्योदय न.पा. वडा नं. ११, स्थित **औम टि एण्ड कफि इण्डष्ट्रिज प्रा.लि.** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | खडानन्द अधिकारीको नाती, तारा नाथ शर्माको छोरा, ईलाम जिल्ला, पञ्चकन्या गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **ज्योती अधिकारी** । |
| २. | नेत्रीराम ओझाको नाती, टेकनाथ ओझाको छोरा, झापा जिल्ला, दुवागडी गा.वि.स./न.पा. वडा नं. ४ बस्ने **उमानाथ ओझा** । |
| ३. | ढाल प्रसाद पोखेलको छोरी, ज्योती अधिकारीको श्रीमती, ईलाम जिल्ला, जितपुर गा.वि.स/न.पा. वडा नं. ४ बस्ने **कोपिला पोखेल** । |
| ४ | भक्ती प्रसाद सुवेदीको छोरी, उमानाथ ओझाको श्रीमती, ईलाम जिल्ला, फिक्कल गा.वि.स/न.पा. वडा नं. ६ बस्ने **रेणुका सुवेदी** । |
| ५ | टेकनाथ ओझाको नातीनी, उमानाथ ओझाको छोरी, झापा जिल्ला, मेचीनगर गा.वि.स./न.पा. वडा नं. १३ बस्ने **स्मारिका ओझा** । |
| **धितो सुरक्षणको विवरण :** | |
| १ | **औम टि एण्ड कफि इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय ईलाममा दर्ता श्रेस्ता कायम रहेका ईलाम जिल्ला, माघेसुन्तले गा.वि.स./न.पा. वडा नं. ५ (नक्सा सिट नं. ५क) को कित्ता नं. २०९ को २६८४.७८ वर्ग मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २ | **ज्योती अधिकारी**को नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेका झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ३ (नक्सा सिट नं. १७९००८०) को कित्ता नं. ९५० को १३९.६७ वर्ग मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ३ | **उमानाथ ओझा**को नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, धाईजन गा.वि.स./न.पा. वडा नं. ४ (नक्सा सिट नं. ४) को कित्ता नं. ११०१ र १०९५ को ७३२.२८ र ३००.५१ वर्ग मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



## Invitation for Bids

# Purbichauki Rural Municipality

**Doti**

**Invitation of Bids for the Online Bid**

**Date of publication: 04 Feb 2025 [2081-10-22]**

1. The **Purbichauki Rural Municipality**, Doti invites electronic bid from the Neplese eligible bidders for the following works

| S. N. | IFB No. | Description of Works | Bid Validity Period in Days/ Bid security Period in days | Estimated Amount (Without VAT and PS) | Id Security Amount in (NRs) | Id Document Fee in (NRs) non refundable |
|---|---|---|---|---|---|---|
| 1. | PRM/DOTI/B/ NCB-01/081/082 | **Construction of Ward office Building ward No 1 Khirsain Doti** | 90 days | 89,83,066.17 | 2,32,000 | 3000 |
| 2. | PRM/DOTI/B/ NCB-02/081/082 | **Construction of Ward office Building Ward No 2 Baglekh Doti** | 90 days | 1,33,36,636.51 | 2,50,000 | 3000 |

a. **Deadline for bid submission: 06-03- 2025 [2081/11/22] 12:00 PM**
b. **Date, time and place of bid Opening: 06-03-2025 [2081/11/22], 1:00 PM,** Purbichauki Rural Municipality, Sanagaun, Doti.
c. **Account No. for bid document purchase:** Name of Bank: Global IME Bank Purbichauki Branch, Doti Name of Office: Purbichauki Rural Municipality, Doti. Office Code No.: 801077106 Office Account Number: 14304010000011
d. **Account No. for bid security deposit:** Account Name: Purbichauki Rural Municipality, Doti Bank Name Global IME Bank Purbichauki Branch, Doti **Dharauti Account Number: 14304010000004**

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Purbichauki Rural Municipality Sanagaun, Doti, karkirambahadur915@gmail.com, and facsimile numbers : 9852822675**[or may visit PPMO website www.bolpatra.gov.np.]

**Administrative Chief**



# Bannigadhi Jayagadh Rural Municipality

# Office of Rural Municipal Executive

**Jayagadh, Achham**

**Sudurpashim Province, Nepal**

## Invitation for Bids for the following National Competitive Bidding: (E-bid only)

**(Date of publication: 05 Feb, 2025 (10/23/2081))**

| S. NO. | Tender No. | Description of Works/Jobs | Price of Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Security (NRs.)/ Minimum Validity | Estimated Amount (NRs.) Exclusive VAT and Contingency |
|---|---|---|---|---|---|---|
| 1 | BJRM/NCB/WORK /2081-082/03 | Construction of Janalikot Health Post Bhawan Nirman | 3000 | 07-03-2025, 12:00 Hrs | 120000/120 days | 38,49,231.45 |

Bank A/C No (For Bid Document): A/C Name: Bannigadhi Ga-1-1- Antarik Rajswa Khata, A/C No.: 27151561540063 Himalayan Bank Ltd., Bannigadhi Branch, Achham

Bank A/C No (For Bid Security): ): A/C Name : Bannigadhi Ga-3 Sthaniya Taha Dharauti Khata, A/C No.: 27151561540098 Himalayan Bank Ltd, Bannigadhi Branch, Achham

For further details please visit PPMO's e-GP system: https://bolpatra.gov.np/egp

**-Chief Administrative Officer**



# Melauli Municipality

# Office of the Municipal Executive

**Melauli, Baitadi**

**Sudurpaschim Province, Nepal**

## First Notice for Invitation of Sealed Quotation

**Date of publication: 2081/10/23 (5th February, 2025)**

Melauli Municipality Office of the Municipal Executive Melauli, Baitadi invites Electronic Sealed Quotation through PPMO's e-procurement system https://www.bolpatra.gov.np/egp from eligible Suppliers for the Supply and delivery of following goods mentioned below.

| S. N. | Name Of Project | Contract ID | Estimated Amount With VAT | Bid Security (NRS) | Last Date and Time of Bid Submission | Date Place of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | Procurement of Medicines for Melauli Municipality | 07/SQ/HM/ 2081/082 | NRs. 13,00,084/- | NRs. 35,000/- | 2081/11/08 (20th February 2025) 12:00 Noon | 2081/11/08 (20th February 2025) 1:00 Noon |

**Bank Information**

| Name Of Bank | Office Account Name & Numbers | Biding Document Cost |
|---|---|---|
| Kumari Bank Limited, Melauli Branch Melauli Baitadi | For Bid Document (GA.1.1 Aantarik Rajaswa Khata) A/C No: 2710247109400012 For Bid Security (GA.3 Dharauti Khata) A/C No: 2710247109400004 | 1. NRs.1000.00/- (One Thousand Only) Rajshwo Shirsak No: 14229 Office code: 8010774404 |

For More Details Contact No, 9848719246 Or May Visit PPMO e-GP System At www.bolpatra.gov.np/egp.



# Tikapur Municipality

# Office of the Municipal Executive

**Tikapur, Kailali**

**Sudurpashchim Province, Nepal**

## Invitation for Sealed Quotation

**First Date of Publication: - 5th Feb 2025**

1. **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali** invites Sealed Quotation from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT & PS) NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/SQ/41/ WORKS/2081/082 | Construction of Incomplete Community Building and Culvert near Kancharam Chaudhary Home, Tikapur Municipality Ward no-06, Kailali | 1,016,166.30 | 30,000.00 | 1,000.00 |

2. Eligible Bidders may obtain further information at **Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali Or Telephone NO.:-+977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.**
3. Interested bidders should submit only E-bid till **20th Feb 2025 before 12:00 hrs**. through **PPMO e-GP System www.bolpatra.gov.np/egp.** No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly):-
   **Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch.**
   **Name of Office : - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali**
   **Office Account No.:- 10703000001001000001**
   **Revenue Heading No:- 14229**
5. Information to deposit the **Bid Security Amount in Bank :-**
   **Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch..**
   **Name of Office : - Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali.**
   **Office Account No.:- 10703000003000000001**
   **Or** Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Municipality, Office of The Municipal Executive, Tikapur, Kailali (Mention Purpose of Deposit Stating Contract Identification Number clearly).
6. Bid Validity Period shall be 45 days from the date of Bid Opening and Bid Security Validity Period shall be 90 days from the date of Bid Opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
